# प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

## कल सेन्टरमा सोधिने केहि सम्भावित प्रश्न र सोको उत्तर

## (FAQ)



**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ,  काठमाडौं

(मस्यौदा)

१. **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कहिले हुँदैछ ?**

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ साल मंसीर ४ गते आइतबार **हुँदैछ** । मतदान समय विहान ७ बजे देखि साँझ ५ बजे सम्म हुँदैछ ।

२. **प्रतिनिधि सभामा कति जना सदस्य हुन्छन् ?**

प्रतिनिधि सभामा जम्मा २७५ जना ।

३. **प्रतिनिधि सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाइन्छ ?**

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली, जसलाई मिश्रित निर्वाचन प्रणाली पनि भनिन्छ ।

४. **प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत देशलाई कतिवटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ?**

१६५ निर्वाचन क्षेत्र ।

५. **प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली मार्फत कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ?**

नेपाल भित्र रहेका १६५ निर्वाचन क्षेत्रमा प्रत्येक निर्वाचन क्षेत्रबाट उठेका उम्मेद्वार मध्येबाट सबैभन्दा बढी मत प्राप्त गरी निर्वाचित एक जनाका दरले जम्मा १६५ जना ।

६. **प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ?**
प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट ११० जना सदस्य निर्वाचित हुने व्यवस्था छ ।

७. **प्रतिनिधि सभाको कार्यकाल कति वर्षको हुने व्यवस्था छ ?**
प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ ।

८. **प्रदेश सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाइन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली ।

९. **प्रदेश सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कतिवटा निर्वाचन क्षेत्र निर्धारण गरिएको छ ?**
प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारित हरेक निर्वाचन क्षेत्रलाई प्रदेश सभा सदस्य निर्वाचनका लागि दुईवटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । अर्थात, देशभर जम्मा ३३० निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । प्रदेश अनुसारका निर्वाचन क्षेत्रको विवरण देहायबमोजिम छ :

| प्रदेश | प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारित निर्वाचन क्षेत्र | प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्धारित निर्वाचन क्षेत्र |
|---|---|---|
| १ | २८ | ५६ |
| मधेश | ३२ | ६४ |
| बागमती | ३३ | ६६ |
| गण्डकी | १८ | ३६ |
| लुम्बिनी | २६ | ५२ |
| कर्णाली | १२ | २४ |
| सुदुरपस्चिम | १६ | ३२ |
| **जम्मा** | **१६५** | **३३०** |

## **१०. प्रतिनिधि सभा र प्रदेश सभामा कतिजना सदस्य निर्वाचित हुन्छन् ?**

प्रतिनिधि सभा र प्रदेश सभामा हरेक प्रदेशमा रहेका निर्वाचन क्षेत्रअनुसार देहायका संख्यामा सदस्य निर्वाचित हुनेछन् :

<table>
<tr><th rowspan="2">प्रदेश</th><th colspan="2">प्रतिनिधि सभा</th><th colspan="3">प्रदेश सभा</th></tr>
<tr><th>पहिलो हुने निर्वाचित हुने</th><th>समानुपातिक</th><th>पहिलो हुने निर्वाचित हुने</th><th>समानुपातिक</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२८</td><td rowspan="7">११०</td><td>५६</td><td>३७</td><td>९३</td></tr>
<tr><td>मधेश</td><td>३२</td><td>६४</td><td>४३</td><td>१०७</td></tr>
<tr><td>बागमती</td><td>३३</td><td>६६</td><td>४४</td><td>११०</td></tr>
<tr><td>गण्डकी</td><td>१८</td><td>३६</td><td>२४</td><td>६०</td></tr>
<tr><td>लुम्बिनी</td><td>२६</td><td>५२</td><td>३५</td><td>८७</td></tr>
<tr><td>कर्णाली</td><td>१२</td><td>२४</td><td>१६</td><td>४०</td></tr>
<tr><td>सुदुरपस्चिम</td><td>१६</td><td>३२</td><td>२१</td><td>५३</td></tr>
<tr><td>जम्मा</td><td>१६५</td><td>११०</td><td>३३०</td><td>२२०</td><td>५५०</td></tr>
<tr><td></td><td colspan="2">२७५</td><td colspan="2">५५०</td><td></td></tr>
</table>

११. **प्रदेश सभाको कार्यकाल कति वर्षको हुने व्यवस्था छ ?**
५ वर्ष ।

१२. **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति कसले तोक्ने व्यवस्था रहेको छ ?**
निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले ।

१३. **उम्मेदवारले आफ्नो उम्मेदवारी मनोनयन गर्दा मनोनयन साथ पेश गर्नुपर्ने कागजात के के हुन ?**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि,
- मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- धरौटी जम्मा गरेको रसिद वा भौचर,
- दलको उम्मेदवारको हकमा दलले दिएको औपचारिक पत्र, र
- प्रस्तावक, समर्थक र उम्मेदवारको विवरण खुलेको दस्तखत सहितको तोकिएको उम्मेदवारी मनोनयन फाराम ।

१४. **उम्मेदवारको उमेरको गणना कसरी गरिन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको हकमा उम्मेदवारको मनोनयपत्र दर्ता गर्ने मिति र समानुपातिक निर्वाचन प्रणालीको हकमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्म २५ वर्ष उमेर पूरा गरेको हुनुपर्नेछ ।

**१५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवारको योग्यताको सम्बन्धमा कसले दाबी विरोध गर्न पाउँछ ?**

उम्मेदवार वा निजको प्रतिनिधिले ।

**१६. समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा रहेको उम्मेदवारको योग्यताको सम्बन्धमा कसले दाबी विरोध गर्न पाउँछ ?**

जो कोही मतदाताले ।

**१७. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मनोनयनपत्र कहाँ दर्ता गर्नुपर्दछ ?**

सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा । (हरेक प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रमा एक निर्वाचन अधिकृतको कार्यालय रहेको हुन्छ सोही कार्यालयले प्रदेश सभा सदस्य निर्वाचनको कार्य समेत गर्दछ ।)

**१८. एउटै व्यक्ति एकैपटक एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार हुन पाउँछ कि पाउँदैन ?**

पाउँदैन ।

**१९. एउटै व्यक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार हुन पाउँछ की पाउँदैन ?**

एकै मितिमा दुईवटै निर्वाचन हुने अवस्थामा पाइँदैन । यदि दुईवटै निर्वाचनमा उम्मेदवारी दिएको पाईएमा आयोगले दुवै तर्फको उम्मेदवारी रद्द गर्नेछ ।

२०. **समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्द सूचीमा नाम समावेश भएको उम्मेदवारले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ पनि उम्मेदवारी दिन पाइन्छ कि पाइदैन ?**
पाइँदैन ।

२१. **उम्मेदवारको प्रस्तावक र समर्थक सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?**
कुनै पनि उम्मेदवारको प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति हुनुपर्ने व्यवस्था छ ।

२२. **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित कुनै सदस्यको स्थान रिक्त भएमा उक्त पद कसरी पूर्ति गरिने व्यवस्था रहेको रहेको छ ?**
प्रतिनिधि सभा वा प्रदेश सभाको अवधि छ महिनाभन्दा बढी कायम रहँदै रिक्त भएमा उपनिर्वाचनद्वारा पूर्ति गरिन्छ ।

२३. **एक जना ब्यक्तिले कति जना उम्मेदवार सम्मको प्रस्तावक र समर्थक बन्न सकिन्छ ?**
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा सम्वन्धित क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता रहेको एक ब्यक्तिले प्रतिनिधि सभा सदस्य एकजना र प्रदेश सभा सदस्य एक जनाको लागि प्रस्तावक वा समर्थक बन्न पाउँदछ । एक जना भन्दा बढी उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न मिल्दैन ।

२४. **संघीय व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व सम्बन्धी कस्तो व्यवस्था रहेको छ ?**

संघीय व्यवस्थापिका भन्नाले राष्ट्रिय सभा ५९ सदस्य र प्रतिनिधि सभा २७५ सदस्य रहने गरी दुई सदनात्मक संसदलाई बुझिन्छ । संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

२५. **दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तिमा कति प्रतिशत महिलाको नाम समावेश गर्नुपर्नेछ ?**

५० प्रतिशत ।

२६. **दलले समानुपातिक निर्वाचन प्रणाली अनुसार प्रतिनिधि सभाका लागि उम्मेदवारको बन्दसूची तयार गर्दा कुन समूहको कति प्रतिशत उम्मेदवार दिनुपर्छ ?**

उम्मेदवारको बन्द सूचीको लागि समावेशी आधार :

| क्र.सं. | प्रतिनिधित्व हुने समुह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिवासी जनजाति | २८.७ |
| ३. | खस, आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारु | ६.३ |
| ६ | मुस्लिम | ४.४ |

यसका साथै भूगोल र प्रादेशिक सन्तुलन पनि मिलाउनुपर्दछ भने महिला कम्तिमा ५० प्रतिशत हुनु पर्ने र पिछडिएको क्षेत्रबाट कम्तिमा ४.३ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्दछ ।

२७. **दलले समानुपातिक निर्वाचन प्रणाली अनुसार प्रदेश सभाका लागि उम्मेदवारको बन्दसूची तयार गर्दा कुन समूहको कति प्रतिशत उम्मेदवार दिनुपर्छ ?**

| **क्र.सं** | **समावेशी क्षेत्र** | **प्रदेश र प्रतिशत** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | आदीवासी जनाति | ४६.७ | ६.६१ | ५३.१ | ४२ं३ | १९.५ | १३.६ | ३.६१ |
| २ | खस आर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.२ | ६०.०२ |
| ३ | थारु | ४.१५ | ५.२७ | १.६६ | १.१७ | १५.१८ | ०.५ | १७.२१ |
| ४ | दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | २३.२५ | १७.२९ |
| ५ | मधेसी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| ६ | मुस्लिम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |

यसरी बन्द सूचि पेश गर्दा प्रत्येक समूहबाट कम्तिमा ५० प्रतिशत महिला समेत समावेश गर्नु पर्दछ ।

२८. **प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक तर्फ दलले उम्मेदवारको बन्द सूची पेश गर्दा पिछडिएको क्षेत्रबाट कति प्रतिशत उम्मेदवारी दिनुपर्ने व्यवस्था छ ?**

४.३ प्रतिशत ।

२९. **समानुपातिक निर्वाचन प्रणाली तर्फ एउटा व्यक्तिको नाम एक भन्दा बढी दलको बन्दसूचीमा समावेश गर्न पाइन्छ कि पाइँदैन ?**
पाइँदैन । *यदि समावेश भएको पाईएमा आयोगले त्यस्तो व्यक्तिको नाम सबै दलको बन्दसूचीबाट हटाउँछ ।*

३०. **राजनीतिक दलले उम्मेदवारको वन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य संख्याको कम्तिमा कति प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्छ ?**
१० प्रतिशत ।

३१. **प्रतिनिधि सभा तथा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूची कुन अवधिसम्म मान्य हुन्छ ?**
प्रतिनिधि सभा वा प्रदेश सभाको कार्यकालभर ।

३२. **प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत हुने निर्वाचनमा उम्मेदवारले कहाँ र कति रकम धरौटी राख्नुपर्छ ?**

| प्रतिनिधि सभा सदस्य निर्वाचन | | प्रदेश सभा सदस्य निर्वाचन | |
|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने (प्रति उम्मेदवारले) | समानुपातिक (प्रति दलले) | पहिलो हुने निर्वाचित हुने (प्रति उम्मेदवारले) | समानुपातिक (प्रति दलले) |
| १० हजार | ५० हजार | ५ हजार | २५ हजार |

*पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।*

**३३. उम्मेदवार वा दलले राखेको धरौटी रकम कस्तो अवस्थामा जफत हुन्छ ?**

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तरगत कुनै निर्वाचनमा खसेको कुल सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको,
- समानुपातिक निर्वाचन प्रणाली अन्तरगतको निर्वाचनमा कुनै दलले कम्तिमा पनि एक सिट प्राप्त नगरेमा ।

**३४. प्रतिनिधिसभा र प्रदेश सभामा समानुपातिक तर्फ कम्तिमा कति प्रतिशत मत प्राप्त गर्ने दलले प्रतिनिधित्व गर्न सक्छ ?**

प्रतिनिधिसभामा खसेको कूल सदर मतको कम्तिमा ३ प्रतिशत र प्रदेशसभामा खसेको कूल सदर मतको कम्तिमा १.५ प्रतिशत मत ल्याउने दलले प्रतिनिधित्व गर्न सक्छन् ।

**३५. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा कसले मतदान गर्न पाउँछ ?**

फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता भई निर्वाचन आयोगको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका २०७९ मंसिर ३ गते १८ बर्ष उमेर पूरा भएको नेपाली नागरिकले मतदान गर्न पाउँछन् ।

३६. **कुन मितिसम्म १८ वर्ष उमेर पुगी मतदाता नामावलीमा नाम दर्ता गराएको मतदाताले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्न पाउँछ ?**
२०७९ साल मंसिर ३ गते सम्म १८ वर्ष उमेर पूरा भई अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मतदान गर्न पाउँछन् ।

३७. **मतदाताले जुनसुकै मतदान केन्द्रबाट मतदान गर्न पाइन्छ ?**
पाइँदैन । आफ्नो नाम जुन वडाको मतदाता नामावलीमा छ, त्यही वडाको तोकिएको मतदान केन्द्रमा गएर मात्र मतदान गर्न पाइन्छ ।

३८. **मतदाताले मतदान केन्द्रमा जाँदा के के कागजात लैजानुपर्छ ?**
निर्वाचन आयोगले मतदातालाई उपलब्ध गराएको मतदाता परिचय पत्र वा आयोगले तोकेको अन्य कुनै प्रमाण ।

३९. **कस्ता मतदातालाई अशक्त मतदाता भनिन्छ ?**
दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणले आफै मत सङ्केत गर्न नसक्ने मतदाता ।

४०. **अशक्त मतदाताले कसरी मतदान गर्न सक्छन् ?**
दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदाताले आफैँ मत सङ्केत गर्न नसक्ने भएमा मतदान अधिकृतको अनुमति लिई एकाघरको परिवारको सदस्यले मतदाताको इच्छाअनुसारको निर्वाचन चिन्हमा मतसंकेत गर्न सक्नेछ वा एकाघरको सदस्य नभएमा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार मतसङ्केत गरिदिन सक्ने व्यवस्था रहेको छ ।

४१. **मतदान केन्द्रमा क-कसले प्रवेश पाउँछन् ?**

- मतदाता
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि
- समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि
- आयोगबाट अनुमती प्राप्त पर्यवक्षक
- आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृतबाट अनुमती पाएका व्यक्ति
- मतदाताको साथमा रहेको बढीमा पाँच बर्षको बालक
- दृष्टिबिहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य
- मतदान कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरु ।

४२. **निर्वाचन प्रतिनिधिका लागि चाहिने योग्यता के के हुन ?**

- नेपालको नागरिक,
- एक्काईस वर्ष उमेर पूरा भएको,
- समानुपातिक निर्वाचन प्रणाली तर्फ काम गर्नको लागि नेपालभरको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र कुनै

निर्वाचन क्षेत्रमा काम गर्नको लागि सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम भएको हुनुपर्ने,

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकामा नाम भएको,
- साधारण लेखपढ गर्न जानेको,
- कानुन बमोजिम अयोग्य नभएको ।

४३. **उम्मेदवार नउठेको स्थानमा छाप लागेमा मत बदर हुन्छ कि हुँदैन ?**

उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मात्र मत सङ्केत गरेमा मत बदर हुन्छ ।

४४. **मनोनयन दर्ता कहिले गर्न सकिन्छ ? विभिन्न तहमा उम्मेदवार उठ्न कति धरौटी राख्नुपर्दछ ?**

आयोगले सूचना प्रकाशित गरे पश्चात मनोनयन दर्ता गर्न सकिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचनमा उम्मेदवार हुनको लागि दश हजार रुपैया सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने दलले पचास हजार रुपैया आयोग समक्ष धरौटी राख्नुपर्नेछ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट गरिएको छ ।

४५. **मतगणना स्थलमा पत्रकारहरु प्रवेश गर्न पाउँछ कि पाउँदैन ?**
मतगणना स्थलमा अनुमति प्राप्त पत्रकारहरु प्रवेश पाउँछन ।

४६. **उम्मेदवारको विवरण कहाँबाट उपलब्ध हुन्छ ?**
निर्वाचन अधिकृतले मनोनयन दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन कार्यक्रमको सुचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन हुन्छ ।

४७. **Donor Funded NGO/INGOs बाट तलब, भत्ता लिदै आएको व्यक्तिले उम्मेदवारी दिन पाउने/नपाउने ?**
कुनै लाभको पदमा बहाल नरहेको **व्यक्तिले उम्मेदवारी दिन पाउछ** । लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ती गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्छ ।

४८. **निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारहरुको दरखास्त फाराम कहिले देखि कति बजेबाट कहाँबाट लिन पाईन्छ ?**
२०७९ असोज २३ गते विहान १० बजेबाट निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारहरुले दरखास्त फाराम लिन पाईन्छ ।

४९. **कस्ता कस्ता मान्छे निर्वाचनमा अयोग्य हुन्छन ?**

- गैर नेपाली नागरिक,
- नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

- कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
- निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,
- भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,
- सङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
- जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,
- अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
- प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,
- कैदमा बसेकोमा कैद बसेको अवधिभर,
- मानसिक सन्तुलन ठीक नभएको,

- प्रचलित कानूनले अयोग्य भएको ।

**५०. उम्मेदवारको धरौटी बापतको रकम कहाँ कसरी कुन बैंकमा बुझाउनु पर्दछ ? अनलाईन र नगद रकम बुझाउन सकिन्छ कि सकिदैन ?**

सो को जानकारी सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिने ।

**५१. उम्मेदवारी विरुद्ध उजुरी दिन कहाँ जानुपर्छ ?**

उम्मेदवारी विरुद्ध उजुरी निर्वाचन अधिकृतको कार्यालयमा दिन सकिन्छ ।

**५२. उम्मेदवारको लिष्ट कहाँबाट हेर्न पाईन्छ ? उम्मेदवारको सूची कति बेला कहाँ प्रकाशित हुन्छ ?**

निर्वाचन अधिकृतले मनोनयन दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन कार्यक्रमको सुचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ ।

**५३. दल दर्ता गर्ने व्यवस्था हाललाई के कस्तो रहेको छ ?**

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को व्यवस्था बमोजिम राजनीतिक दलहरुलाई निर्वाचनमा भाग लिने प्रयोजनका लागि निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ बनाई लागू गरेको छ । यस नियमावलीमा निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्दा गराउँदा आवश्यक पर्ने कार्यविधि सम्वन्धी प्रावधानको बारेमा उल्लेख गरिएको छ ।

**५४. मतदान केन्द्रको विवरण कसरी हेर्न सकिन्छ ?**
आयोगको वेबसाईट election.gov.np वा मोबाइल एप्स ECN APP मा हेर्न सकिन्छ ।

**५५. मनोनयन पत्र दर्ता गर्दा उम्मेदवारको प्रस्तावक र समर्थक भौतिक रुपमै उपस्थित हुनुपर्ने हो, होईन ?**
उम्मेदवारको मनोनयन पत्र उमेदवार आफैले वा निजको प्रतिनिधी वा प्रस्तावक वा समर्थकले सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नुपर्ने छ ।

**५६. स्वतन्त्र उम्मेदवारले उम्मेदवारी फिर्ता लिने मिति सकिएपछि पनि विज्ञप्ती जारी गरेर उम्मेदवारी फिर्ता गर्न मिल्छ ?**
स्वतन्त्र उम्मेदवारले उम्मेदवारी फिर्ता लिने मिति सकिएपछि पनि विज्ञप्ती जारी गरेर उम्मेदवारी फिर्ता गर्न मिल्दैन ।

**५७. कैदी बन्दीहरुलाई मतदान गर्ने अधिकार छ, छैन ?**
आउँदो आम निर्वाचनमा कैदी बन्दीहरुलाई समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्ने अधिकार छ ।

**५८. मतदानस्थल र मतदान केन्द्रमा के फरक छ ?**
मतदान स्थल भित्र एक वा एक भन्दा बढी मतदान केन्द्रहरुको व्यवस्था गरिएको हुन्छ ।

**५९. मतदाता नामावली कुन मोवाईल एप्सबाट हेर्न सकिन्छ ? कृपया एप्सको नाम के होला ?**
ECN APP

**६०. कुनै मतदाताको नाममा अर्कैले मतदान गरेमा के हुन्छ ?**

कसैले अर्कै मतदाताको नामबाट मतपत्र लिईसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट यकिन भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । सो मतपत्रमा मतदाताले आफ्नो मत संकेत गरिसकेपछी त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्छ ।

**६१. मतदाता परिचयपत्रको स्लीप वा नागरिकताको सक्कल ल्याउन छुट भएकोमा फोटोकपीको आधारमा मतदान गर्न पाईन्छ कि पाईदैन ?**

पाईंदैन

**६२. मतपत्र कति रङको हुन्छ र कति प्रकारको हुन्छ ?**

मतपत्र चार रङ्गको हुन्छ

- प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ **रातो** रङ्गको,
- प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फ **कालो** रङ्गको,
- प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ **रातो** रङ्गको,
- प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फ **कालो** रङ्गको ।

**६३. मतपत्रको ढाँचा कस्तो र कति प्रकारका हुन्छन ?**

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपतिक निर्वाचन व निर्वाचन प्रणाली अन्तर्गत फरक फरक चार प्रकारका मतपत्र हुन्छन ।

**६४. हाल बहाल जनप्रतिनिधिहरुको पदावधि कहिले सकिन्छ ?**

जनप्रतिनिधिहरुको पदावधि मिति ..................... बाट समाप्त भएको छ ।

**६५. स्वतन्त्र उम्मेद्वारहरुले चुनाव चिन्ह कसरी प्राप्त गर्छन ?**

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिन्हको समुहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

**६६. निर्वाचनमा खटिएका वा सरकारी कर्मचारीहरुलाई जो जहाँ छ त्यहाँबाट भोट हाल्ने व्यवस्था छ कि छैन ?**

आउँदो आम निर्वाचनमा खटिएका वा सरकारी कर्मचारीहरुलाई जो जहाँ छ त्यहाँबाट प्रतिनिधिसभाको समानुपातिक तर्फ मात्र भोट हाल्ने व्यवस्था छ ।

**६७. निर्विरोध निर्वाचित पदाधिकारीहरुको चुनाव चिन्हमा स्वस्तिक छाप लगाएमा के हुन्छ ?**

निर्विरोधमा मतदान हुदैन ।

**६८. निर्विरोध निर्वाचित उम्मेदवारहरुको एक्सल सिट फाईल कहाँबाट पाउन सकिन्छ ?**

आयोगमा पत्राचार गरेर प्राप्त गर्न सकिन्छ ।

६९. **सहायक कर्मचारीहरु आपसी सहमतिमा स्थान हेरफेर हुन सक्छ कि सक्दैन ?**
सहायक कर्मचारीहरु आपसी सहमतिमा स्थान हेरफेर हुनसक्दैन ।

७०. **कुन वडामा कति मतदाता छन् भन्ने कसरी थाहा पाउन सकिन्छ ?**
निर्वाचन आयोगको वेबसाईटबाट कुन वडामा कति मतदाता छन् भन्न थाहा पाउन सकिन्छ ।

७१. **मतदाता परिचयपत्र सबैको लागि बन्ने हो वा नयाँ मतदाताको लागि मात्र बन्ने हो ?**
मतदाता परिचयपत्र नया मतदाताको लागि मात्र बन्ने हो ।

७२. **२०७४ सालको निर्वाचनमा समानुपातिक सूचीमा नाम समावेश भएको व्यक्तिलाई बन्दसूचीबाट नाम हटाउन के गर्नुपर्छ ? यो जति बेला पनि हट्छ कि हट्दैन ?**
आउँदो निर्वाचनमा बन्द सुची पेश भईसकेको हुँदा २०७४ सालको निर्वाचनमा समानुपातिक सूचीमा नाम समावेश भएको व्यक्तिको बन्दसूचीबाट नाम स्वत : हट्यो ।

७३. **चुनाव चिन्ह कसरी निर्धारण गरिन्छ ?**
निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्नेछ ।

७४. **मनोनयन फिर्ता लिने प्रकृया के कस्तो छ ?**
पहिले हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको कुनै उम्मेदवारले उम्मेदवारको नामावलीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको समय भित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

७५. **पार्टीको टिकट चोरेर मनोनयन दर्ता गरेको छ। पार्टीको तर्फबाट एक पदमा २ जनाको उम्मेदवारी देखिन्छ अब निर्वाचन आयोगले कसरी छानविन र निर्णय गर्छ ?**
निर्वाचन आयोगले प्रचलित निर्वाचन कानून अनुसार छानविन र कारवाही गर्नेछ ।

७६. **मनोनयन दर्ता भैसकेपछि उम्मेदवारहरुको नामावली फेरवदल गर्न मिल्ने, नमिल्ने ?**
मनोनयन दर्ता भैसकेपछि अन्तिम नामावली प्रकाशन नभएसम्म नामावली फेरवदल हुन सक्छ ।

७७. **बन्दसूचीबाट नाम हटाएको नहटाएको कहाँबाट हेर्न सकिन्छ ?**
बन्दसूचीबाट नाम हटाएको, नहटाएको हेर्न मिल्दैन ।

७८. **अघिल्लो निर्वाचनमा खर्च विवरण पेश नगरेको उम्मेदवारले हालको निर्वाचनमा भाग लिन पाउने कि नपाउन ?**
अघिल्लो निर्वाचनमा खर्च विवरण पेश नगरेको उम्मेदवारले हालको निर्वाचनमा भाग लिन पाउदैन ।

७९. **विदेशबाट कल सेन्टरमा कुन नम्बरमा कल गर्ने र यो निःशुल्क हो या होइन ?**
११०५ र यो निशुल्क गर्न मिल्दैन ।

८०. **नागरिकता वा राष्ट्रिय परिचयपत्रको आधारमा भोट दिन पाईने हो कि होईन ?**
हाल मतदाता परिचयपत्रको आधारमा मात्र मतदान गर्न पाईन्छ । तर मतदान दिनसम्ममा आयोगले निर्णय गरी नागरिकता वा अन्य परिचय खुल्ने कागजातको आधारमा भोट दिने व्यवस्था गर्न सक्दछ ।

८१. **मतदान केन्द्र बनाउने कुनै निर्देशिका छ कि छैन ? जानकारी कहाँबाट पाईन्छ ?**
मतदान केन्द्र बनाउने आवश्यक जानकारी आयोगको वेबसाइटमा उपलब्ध छ ।

८२. **मतदान केन्द्रमा कसलाई मतदाता परिचयपत्र वितरण गरिन्छ ?**
फोटो सहितको मतदाता परिचयपत्र लिनका लागि दर्ता भएका र मंसिर ३ सम्ममा १८ वर्ष उमेर पूरा गरेका नयाँ मतदातालाई मात्र वितरण गरिन्छ ।

८३. **निर्वाचनको अवधिमा बोर्डर सिल कहिलेबाट हुन्छ ?**
मतदानको दिन भन्दा ७२ घण्टा अगाडि देशको सबै नाका सिल गरिन्छ ।

८४. **निर्वाचन चिन्ह सहितको मतपत्रको फाईनल नमूना उपलब्ध गराई दिन सक्नुहुन्छ ?**
निर्वाचन आयोगको वेवसाइटमा राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिन्ह सहितको मतपत्रहरु उपलब्ध हुन्छ ।

८५. **पार्टीको आधिकारीक पत्रमा दुईवटा उम्मेदवारले मनोनयन पत्र ल्याएकोमा आधिकारीकता कसलाई कसरी मानिन्छ ?**
पार्टीले पछिल्लो समय जसलाई आधीकारीकता दिन्छ वा निर्वाचन अधिकृतको कार्यालयले छानविन गरी आधिकारीक उम्मेदवारको टुङ्गो लगाउँछ ।

**८६. लोकसेवाबाट नियमित प्रक्रियाबाट नयाँ सिफारिश भै आएका कर्मचारीहरुलाई नियुक्ति दिन आचारसंहिताले रोक्छ, रोक्दैन ?**

८७. लोक सेवा आयोगले नयाँ पद सृजना गर्न र रिक्त पद पुर्ति गन पाउदैन तर लोक सेवा आयोगले नियमितरुपमा हुने पदपुर्ति सम्वन्धी कारवाही गर्न वाधा पर्ने छैन ।

**८८. हाल निर्वाचन आयोगको मोबाईल एप्स संचालनमा छ कि छैन ? कसरी हेर्ने ?**

निर्वाचन आयोगको मोबाइल एप्स संचालनमा छ, परिणाम हेर्नको लागि result.election.gov.np मा लगअन गरेर हेर्न सकिन्छ ।

## मतदाता नामावली र परिचयपत्र

**८९. गत वर्षको मतदाता परिचयपत्र अद्यावधिक गर्नु पर्ने कि नपर्ने ? त्यसले मतदान गर्न पाउने किन नपाउने ?**

मतदाता परिचय पत्रमा केहि त्रुटी छ भने आयोगले निर्धारण गरेको स्थानमा मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को अनुसुची ७ बमोजिमको ढाँचामा अध्यावधिक कार्यक्रमको उल्लेखित समयावधि भित्र निवेदन दिई अध्यावधिक गर्नुपर्दछ र मतदातामा नामावलीमा नाम भएको मतदाताले मतदान गर्न पाउँछ ।

**९०. राष्ट्रिय परिचयपत्रको आधारमा मतदान गर्न पाईन्छ कि पाईन्न ?**

आयोगको निर्णयमा भर पर्छ, सामान्यतया निर्वाचनको दिन भन्दा केहि दिन अगाडि आयोगले निर्णय गर्न सक्छ ।

**९१. मतदाता परिचयपत्र हराएकोले मतदान गर्न पाईन्छ कि पाईदैन ?**
आयोगको निर्णयमा भर पर्छ, सामान्यतया निर्वाचनको दिन भन्दा केहि दिन अगाडि आयोगले निर्णय गर्न सक्छ ।

**९२. मतदाता नामावली एक ठाउँबाट अर्को ठाउँमा ट्रान्सफर गर्न मिल्छ ? कृपया प्रकृया बताई दिनुहोस् ।**
निर्वाचनको मिति घोषणा भए पश्चात मिल्दैन तर निर्वाचनपुर्वको अवधिमा अर्को ठाउ सार्न सकिन्छ तर आयोगले तोकेको आवश्यक कागजात सहित मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को अनुसुची ८ बमोजिमको ढाँचामा सहायक नाम दर्ता अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ ।

**९३. स्थगित गरिएका मतदान केन्द्रहरुको निर्वाचन कहिले तोक्छ आयोगले ?**
मुख्य/निर्वाचन अधिकृतले अनुकुल समय तोकी सो को जानकारी आयोगलाई दिनु पर्दछ ।

**९४. अहिले छुटेको मतदाताहरुले कहिले र कहाँ सम्पर्क गरेर मतदाता नामावलीमा नाम टिपाउन सक्छ ?**
निर्वाचन पश्चात आयोगले नियमित मतदाता नामावली दर्ता जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा सुरु गर्ने सुचना जारी गर्छ । अफनो नागरिकता लिएर सम्वन्धित स्थानका निकायमा दर्ता गर्न जान सकिन्छ । दर्ता गर्न जाँदा मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को अनुसुची ५ बमोजिमको ढाँचामा विवरण लेखी सहायक नाम दर्ता अधिकारीलाई बुझाउनु पर्छ ।

९५. **मतदाता नामावली तथा मतदाता परिचयपत्रको विवरण नागरिकता भन्दा धेरै नै फरक परेको छ । कसरी सच्याउने ? यसको आधारमा भोट हाल्न अप्ठ्यारो हुन्छ कि हुँदैन ?**
नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले सम्बन्धित नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ । आएका निवेदन सम्बन्धमा नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गरी सच्याउन सक्नेछ । निर्वाचन घोषणा भइसकेको अवस्थामा दावी विरोध कार्यक्रम सञ्चालन भएको अवधि भित्र निवेदन दिन सकिन्छ ।

९६. **वडामा धेरै जनाको मतदाता परिचयपत्र छ तर मतदाता नामावलीमा नाम भेटिएको छैन ? कसरी मतदान गर्ने ?**
दोहोरो स्थानमा नामवली रहेको कारण हटेको हुन सक्छ वा त्यहि ठाउँमा मतदाता दर्ता नं अर्को पनि हुन सक्छ । प्राविधिक त्रुटी भएको हुन सक्छ । रुजु गरी मतदाता नामावली रहेको स्थानबाट मतदान गर्न सकिन्छ ।

९७. **२०७४ सालमा भोट हालेको । मतदाता परिचयपत्र पनि रहेको तर मतदाता नामावलीमा नाम देखिएन । यस्तो अवस्थामा आयोगले किन यस्तो लापरवाही गरेको हो ? मतदाताको अनुमति विना मतदाता नामावलीबाट नाम हटाउन पाईन्छ ?**
दोहोरो स्थानमा नामावली परेको कारणले हटेको हुनसक्छ वा त्यहि ठाउँमा मतदाता दर्ता नं अर्को पनि हुन सक्छ । प्राविधिक त्रुटी भएको हुनसक्छ वा बसाई सराई, विवाह भई गएको अवस्थामा उजुरी परेकोमा प्रमाणका आधारमा दावी विरोध कार्यक्रम सञ्चालन भएको समयमा हट्न गएको हुनसक्दछ ।

**९८. मैले फोटो सहित खिचाएको थिएँ । हालसम्म पनि मतदाता नामावलीमा समावेश भएको पाईएन । किन होला ?**

निर्वाचनको कटअफ मिति मंसिर ३ सम्म १८ वर्ष नपुगेकोले पनि हुन सक्छ वा दोहोरा फोटो खिचाएकोले अघिल्लो नामावली हटेको हुन सक्छ ।

**९९. कुनै वडाको फोटो सहितको नामावली कसरी डाउनलोड गर्न सकिन्छ ?**

आयोगको नियम अनुसार वडाको फोटो सहितको मतदाता नामावली डाउनलोड गर्न सकिदैन । तर फोटो, जन्म मिति बाहेकको नामावली निर्वाचन प्रयोजनको लागि दल तथा उम्मेदवारले प्रक्रिया अनुसार लिन सक्छन् ।

**१००. मतदाता परिचयपत्रको प्रतिलिपि कहिलेदेखि कहाँबाट पाउन सकिन्छ ? हाललाई मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले अरु परिचयपत्रबाट भोट दिन पाउने कि नपाउने ?**

प्रतिलिपि दिने व्यवस्था छैन, आयोगको निर्णय बमोजिम भोट हाल्न पाउछ । मतदाता परिचयपत्र प्रतिलिपिको लागि निवेदन दिएको छ भने, मतदानकेन्द्र बाट उपलब्ध गराईन्छ । आयोगको निर्णय अनुसार नामावलीमा नाम समावेश भएका मतदाताले अरु कुनै परिचय खुल्ने परिचय पत्र बाट मतदान गर्न पाउने हुनसक्छ ।

**१०१. मतदाता परिचयपत्र हराएको व्यक्तिले कसरी सहभागीता जनाउने होला ?**

मतदाता नामावलीमा नाम समावेश भए आयोगको निर्णय अनुसार नागरिकता वा परिचय खुल्ने अन्य सरकारी कागजातले पनि भोट हाल्न पाउन सब्छ ।

१०२. **फोटो सहितको मतदाता नामावली पाउने व्यवस्था छ, छैन ? कहिलेसम्म र कहाँबाट पाईन्छ ?**
फोटो सहितको मतदाता नामावली पाउने व्यवस्था छैन ।

१०३. **मतदाता परिचयपत्रको फोटो खिचाएको अर्धकट्टि हराएकोमा के कसरी प्राप्त गर्न सकिन्छ ?**
अर्धकट्टि हराएमा आफनो नाम मतदाता नम्बरवाट आयोगको वेबसाइटमा हेर्न सकिन्छ । हराएको अर्धकट्टी उपलब्ध गराउने व्यवस्था छैन ।

१०४. **मतदाता नामावली प्रयोजनको लागि बसाईंसराई ल्याईसकिएको तर नामावलीमा नाम समावेश गर्न नभ्याएको हकमा के गर्न सकिन्छ ? पुरानो ठाउँमा मतदाता नामावली काटिन्छ कि काटिदैन ?**
दावी विरोध कार्यक्रम सञ्चालनका समय उजुरी परी प्रमाण पुगे पछि हटछ ।

१०५. **नयाँ मतदाता परिचयपत्र अनलाईनबाट कसरी हेर्ने हो ?**
आफनो विवरण प्रविष्ट गरी आयोगको वेबसाइट election.gov.np मा गएर हेर्न सकिन्छ ।

१०६. **मतदाता परिचयपत्र कहाँ कहिले कसरी लिने ?**
आफनो मतदान केन्द्रमा निर्वाचन आयोगले छपाई आ आफनो मतदान केन्द्रमा पठाई सके पछि मतदानको दिन अघिसम्म लिन सकिन्छ ।

**१०७. मतदाता परिचयपत्रको स्लीप वा नागरिकताको सक्कल ल्याउन छुट भएकोमा फोटोकपीको आधारमा मतदान गर्न दिन मिल्छ कि मिल्दैन ?**

पाईदैन । मतदाता परिचय पत्रको सक्कल वा आयोगले तोकेको कागजातको सक्कल प्रतिको आधारमा मात्र मतदान गर्न पाइन्छ ।

## आचार संहिता

**१०८. आयोगले आचारसंहिता सम्बन्धी उजुरी कसरी लिन्छ ? स्थानीय स्तरका उजुरी उपर आयोगले तत्काल कारवाही प्रक्रिया अगाडी बढाउँछ कि बढाउँदैन ?**

निर्वाचन आचारसहिंता उल्लङघन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक संञ्जाल, विद्युतीय माध्यमवाट वा अन्य कुनै तरिकाले आयोग, निर्वाचन अधिकृतको कार्यालको कार्यालय, निर्वाचन कार्यालय वा आचार सहिताको परिच्छेद ८ बमोजिका समिती, टोली वा अनुगमन अधिकृत समक्ष अनुसुची ४ बमोजिमको उजुरी लिन सक्छ । उजुरीमा आधार, कारण र सो सम्वन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरिएको सबै खाले उजुरी माथि कारवाही प्रक्रिया अगाडी बढाउछ ।

**१०९. मौन अवधिमा एसएमएस वा फोन कलबाट मत माग्न पाईने हो, होईन ?**

पाईदैन । मौन अवधिमा कुनै पनि सामाजिक सञ्जाल, अनलाइन छापा वा अन्य कुनै माध्यमवाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सुचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन हुदैन ।

**११०. मौन अवधि कहिले देखी शुरु हुन्छ ? आज भोली कति जना सम्मको साईकल, मोटरसाईकल र्‍याली निकाल्न पाईन्छ ?**

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा देखि सुरु भई मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेल सम्म मौन अवधिको समय रहन्छ । कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, बयलगाडा,रिक्सा, टाँगा ठेला गाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचार प्रसार गर्न पाईदैन ।

**१११. आचारसंहिता रहुञ्जेल खेलकूद गतिविधि / परिक्षा सञ्चालन गर्न पाउने कि नपाउने ?**

परिक्षा संञ्चालनको हकमा बार्षिक बजेट तथा कार्यक्रमा समावेश भएका विषय बाहेक अन्य कार्यक्रम सञ्चालन गर्न पाइदैन । नियमित कार्यक्रममा बार्षिक तालिका भएका खेलकुद कार्यक्रम बाहेक नया खेलकुद गतिविधि प्रशासनको अनुमति पश्चात आयोजना गर्न पाइन्छ ।

**११२. राजनैतिक व्यक्तित्वहरुले सार्वजनिक कार्यक्रममा सहभागी हुन पाउने कि नपाउने ?**

प्रचलित कानुन वा स्थानीय प्रशासनले अनुमति लिई सञ्चालन वा आयोजना गरिएका कार्यक्रममा मात्र राजनैतिक व्यक्तित्वहरु सहभागी हुन पाउछन ।

**११३. आचारसंहिता लागू भैसकेपछि गैरसरकारी संघसंस्था पदाधिकारीहरुको पदस्थापना गर्न मिल्ने कि नमिल्ने ?**

यो प्रावधान आचारसहितामा उल्लेख नभएकोले गैरसरकारी संघसंस्थाहरुको पदाधिकारीहरुको पदस्थापनामा रोक लगाइएको मानिने छैन ।

**११४. निर्वाचन आचारसंहिताको विषयमा मौखिक उजुरी दियो भने आयोगले कारवाही गर्छ कि गर्दैन ?**

निर्वाचन आचारसहिंता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक संञ्जाल, विद्युतीय माध्यमवाट वा अन्य कुनै तरिकाले आयोग, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा आचार सहिताको परिच्छेद ८ बमोजिका समिती, टोली वा अनुगमन अधिकृत समक्ष अनुसुची ४ बमोजिमको उजुरी लिन सक्छ । उजुरीमा आधार, कारण र सो सम्वन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरिएको सबै खाले उजुरी माथि कारवाही प्रक्रिया अगाडी बढाउँछ ।

**११५. गाडीमा माईकिङ्ग सेट गरेर निर्वाचन प्रचार प्रसार गर्न पाईने हो कि होईन ?**

पाईदैन । कुनै किसिमको चारपाङग्रे गाडी, मोटरसाइकल, बयलगाडा,रिक्सा, टाँगा ठेला गाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी ऱ्याली आयोजना गर्न वा प्रचार प्रसार गर्न पाईदैन ।

**११६. निर्वाचन आचारसंहिता उल्लंघन गरेमा के कारवाही हुन्छ ?**

निर्वाचन आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम एक लाख रुपैयासम्म जरिबाना गर्न वा उम्मेदवारी रद्ध गर्न सक्नेछ र कानुन बमोजिम निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन( कसुर तथा सजाय) ऐन २०७३ बमोजिम कारबाही गर्न सक्छ ।

**११७. निर्वाचन प्रचारप्रसारमा गाडीमा साउण्ड सिष्टम प्रयोग गर्न पाउँछ पाउँदैन ? वाल पोष्टर टास्न पाईने नपाईने ?**

कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङग्रे गाडी, मोटरसाइकल, बयलगाडा,रिक्सा, टाँगा ठेला गाडा लगायत सबै

प्रकारका सवारी साधन प्रयोग गरी ऱ्याली आयोजना गर्न वा प्रचार प्रसार गर्न पाईदैन ।

**११८. निर्वाचनमा उम्मेदवारको चुनाव चिन्ह खुलाएर वाल पोष्टर कति साईजसम्मको टाँस गर्न पाउने कि नपाउने ?**

उम्मेदवार वा दलले आफनो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, प्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृष्य सामग्रीहरु प्रर्दशन गर्न पाइदैन ।

**११९. पूर्वनिर्धारित खेलकुद गतिविधि, परिक्षा, तालिम, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्न पाउने कि नपाउने ?**

पुर्वनिर्धारित कार्यक्रमहरु स्थानीय प्रशासनको अनुमती लिएर मात्र संञ्चालन गर्न सकिन्छ । तर नयाँ कार्यक्रम सृजना, उदघाटन वा सम्भाव्यता अध्ययन जस्ता कार्यक्रमहरु संञ्चालन गर्न पाईदैन ।

**१२०. विद्यालयका शिक्षकलाई पार्टीको जिल्ला कमिटीमा मनोनित गरेर वडा अधिवेशन प्रतिनिधि बनेर चुनावी प्रचारप्रसारमा हिड्नुभएको छ । आचारसंहिता कहाँ कसरी उजुरी दिने हो ?**

प्राध्यापक तथा शिक्षकले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न वा प्रचारप्रसार गर्न पाईदैन साथै उम्मेदवारको पक्ष विपक्षमा कुनै सन्देश, सुचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न पाइदैन । निर्वाचन आचारसहिंता उल्लङघन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक संञ्जाल, विद्युतीय माध्यमवाट वा अन्य कुनै तरिकाले आयोग, निर्वाचन अधिकृतको कार्यालको कार्यालय, निर्वाचन कार्यालय वा आचार सहिताको परिच्छेद ८ बमोजिका समिती,

टोली वा अनुगमन अधिकृत समक्ष अनुसुची ४ बमोजिमको उजुरी लिन सक्छ। उजुरीमा आधार, कारण र सो सम्वन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरिएको सबै खाले उजुरी माथि कारवाही प्रक्रिया अगाडी बढाउँछ।

१२१. **आचारसंहिता लागू नहुँदै कत्रो झण्डा बोक्न पाईन्छ ?**
आचारसंहिता लागु नभएको अवस्थामा आयोगको क्षेत्राधिकार भित्र पर्दैन तर आचारसंहिता लागु भए पश्चात भने दले ३×४ फिटको झण्डा र सोहि नापको चुनाव चिन्ह दश वटासम्म झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटासम्म तुल वा प्लेक्स राख्न बाधा पुग्ने छैन।

१२२. **सामाजिक सञ्जालमा उम्मेदवारहरुले बुस्टिङ कार्य मात्रै मौन अवधि भन्दा अगाडी देखि बन्द गर्ने हो कि पुराना पोष्टहरु पनि उम्मेदवारहरुले हटाउनुपर्ने हो ?**
मौन अवधिमा बुस्टिङ वा कुनै प्रकारको प्रचारप्रसार सामग्री सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाईक गर्न पाइदैन।

१२३. **आचार संहिता विपरीत पोष्टर टाँस्ने, भित्तेलेखन गर्ने गरेको छ। कहाँ उजुरी दिने हो ? के कारवाही हुन्छ ?**
निर्वाचन आचारसहिंता उल्लङघन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक संञ्जाल, विद्युतीय माध्यमवाट वा अन्य कुनै तरिकाले आयोग, निर्वाचन अधिकृतको कार्यालको कार्यालय, निर्वाचन कार्यालयमा उजुरी दिन सकिन्छ। निर्वाचन आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम एक लाख रुपैयासम्म जरिबाना गर्न वा उम्मेदवारी रद्ध गर्न सक्नेछ र कानुन बमोजिम

निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन( कसुर तथा सजाय) ऐन २०७३ बमोजिम कारबाही गर्न सक्छ ।

## पर्यवेक्षक

१२४. **निर्वाचन पर्यवेक्षणको अनुमति कसले दिन्छ ?**
निर्वाचन पर्यवेक्षणको अनुमति निर्वाचन आयोगले दिन्छ ।

१२५. **आगामी निर्वाचनका लागि कतिवटा संस्थाले निर्वाचन पर्यवेक्षण गर्ने अनुमति प्राप्त गरेका छन् ?**
आगामी निर्वाचनका लागि ३४ वटा राष्ट्रिय संस्थाहरु र २ वटा अर्न्तराष्ट्रिय संस्थाहरुले निर्वाचनको पर्यवेक्षण गर्ने अनुमति प्राप्त गरेका छन् ।

१२६. **पर्यवेक्षकलाई परिचयपत्र कसले दिन्छ ?**
पर्यवेक्षकलाई परिचयपत्र निर्वाचन आयोगले दिन्छ ।

१२७. **जिल्ला निर्वाचन कार्यालयले पर्यवेक्षणको लागि परिचयपत्र दिन सक्छ ?**
जिल्ला निर्वाचन कार्यालयले पनि पर्यवेक्षणको लागि परिचयपत्र दिन सक्छ तर त्यसका लागि आयोगले डाटा पठाएपछि तोकिएको ढाँचामा प्रिन्ट गरी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीले प्रमाणित गरिदिनुपर्नेछ ।

१२८. **पर्यवेक्षकले के के कुराको पर्यवेक्षण गर्न सक्छ ?**
पर्यवेक्षण निर्देशिका बमोजिमका कुराहरु

**१२९. पर्यवेक्षकहरुले कहाँ कहाँ प्रवेश पाउँछ ?**

**१३०. पर्यवेक्षक कतिप्रकारका हुन्छन् ?**

पर्यवेक्षक २ प्रकारका हुन्छन् ।

१. लामो अवधिका पर्यवेक्षक, २ छोटो अवधिका पर्यवेक्षक

**१३१. पर्यवेक्षकहरुले आचारसंहिता पालना नगरे मतदान अधिकृतले के कारवाही गर्न सक्छ ?**

पर्यवेक्षण गर्न रोक लगाई परिचयपत्र खिच्न सक्नेछ ।

**१३२. पर्यवेक्षकहरुले आचारसंहिता पालना नगरे निर्वाचन अधिकृतले के कारवाही गर्न सक्छ ?**

पर्यवेक्षण गर्न रोक लगाई परिचयपत्र रद्द सक्नेछ ।

**१३३. पर्यवेक्षकहरुले आचारसंहिता पालना नगरे निर्वाचन आयोगले के कारवाही गर्न सक्छ ?**

पर्यवेक्षकहरुले आचारसंहिता पालना नगरे निर्वाचन आयोगले संस्थाको अनुमति खारेज गर्न सक्नेछ ।

**१३४. पर्यवक्षकले मतगणना स्थलमा प्रवेश पाउँछ ?**

आफूलाई पर्यवेक्षण गर्न तोकिएको स्थानीय तह रहेको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको अनुमति लिएर मात्र पर्यवेक्षकले मतगणना स्थलमा प्रवेश पाउँछ ।

**१३५. पर्यवेक्षकले कसलाई पर्यवेक्षण प्रतिवेदन दिनुपर्नेछ ?**

पर्यवेक्षकले निर्वाचन आयोग र सम्बन्धित संस्थालाई पर्यवेक्षण प्रतिवेदन दिनुपर्नेछ ।

१३६. **पर्यवेक्षकले आयोगलाई कुन ढाँचामा प्रतिवेदन दिनुपर्ने व्यवस्था छ ?**
निर्देशिकाको अनुसूची १२ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

१३७. **पर्यवेक्षकले अनुसूची १२ बमोजिमको प्रतिवेदन कसरी पेश गर्ने ?**
अनलाईन मार्फत । लिंक ..............................

१३८. **पर्यवेक्षण संस्थाले कसरी प्रतिवेदन पेश गर्ने ?**
अनुसूची १० को ढाँचामा निर्वाचन पर्यवेक्षण प्रणाली मार्फत ।

१३९. **पर्यवेक्षण संस्थाले कहिले प्रतिवेदन दिनुपर्नेछ ?**
पर्यवेक्षण संस्थाले मंसिर १९ भित्र प्रारम्भिक र पौष ४ भित्र अन्तिम प्रतिवेदन दिनुपर्नेछ ।

१४०. **पर्यवेक्षकलाई निर्वाचन अधिकृत र जिल्ला निर्वाचन अधिकारीले कसरी सहयोग गर्न सक्नेछ ?**

१४१. **पर्यवेक्षकलाई सुरक्षा कसले दिन्छ ?**
पर्यवेक्षकलाई सुरक्षा दिनु सुरक्षा निकायको कर्तव्य हो ।

१४२. **पर्यवेक्षकले के गर्न पाउँदैन ?**
अनुसूची १० को ढाँचामा निर्वाचन पर्यवेक्षण प्रणाली मार्फत ।

१४३. **पर्यवेक्षकले प्रतिवेदन आयोगमा कहिले सम्मा बुझाउनु पर्दछ ?**
पर्यवेक्षण संस्थाले निर्वाचन सम्पन्न भएको १५ दिन भित्र प्रारम्भिक प्रतिवेदन र ३० दिन भित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्दछ ।

**१४४. पर्यवेक्षकहरुले सवारी साधनको पास बनाउनु पर्छ कि पर्दैन ?**

पर्यवेक्षकहरुले सवारी साधनको पास बनाउनु पर्छ ।

**१४५. निर्वाचन पर्यवेक्षकको परिचयपत्र कहाँ र कहिलेबाट प्राप्त हुन्छ ? निर्वाचन पर्यवेक्षणको परिचयपत्र लिन कहिले र कहाँ सम्पर्क गर्ने होला ?**

पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेको राष्ट्रिय पर्यवेक्षण संस्थाका प्रमुख ले आफ्नो संस्थाबाट खटिने पर्यवेक्षकलाई परिचय पत्र प्रदान गर्न आयोगले तोके बमोजिम विधुतीय माध्यम बाट आयोगमा अनुरोध गर्नु पर्दछ । यसरी अनुरोध गर्दा खटिने प्रत्येक पर्यवेक्षकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सपथग्रहण पत्र र पास पोर्ट साइज को १ प्रति फोटो सहित पठाउनु पर्दछ । यसरी पठाएको अनुरोध आयोगमा  वा संस्थाले अनुरोध गरेमा सम्बन्धित निर्वाचन कार्यालय मार्फत उपलब्ध गर्न सकिने प्राबधान छ ।

**१४६. पर्यवेक्षकको योग्यता के हो ?**

पर्यवेक्षणको लागि खटिने व्यक्तिको योग्यता - २१ वर्ष उमेर पुरा गरेको , प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई वा सो सरह उतिर्ण भएको, कुनै पनि  राजनीतिक दलको सदस्य नरहेको, भ्रष्टाचार, जबर्जस्ति करणी, मानव बेचबिखन तथा ओसार प्रसार, लागु औषधी बिक्रि वितरण तथा निकासी वा पैठारी , सम्पत्ति शुद्धिकरण राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको र निर्वाचन सम्बन्धी कसुरमा निर्वाचन आचार संहिता उल्लंघनमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

**१४७. एक व्यक्ति ले एक भन्दा बढी संस्थाबाट निर्वाचन पर्यवेक्षण गर्न सक्छ ?**

एक व्यक्तिले एक भन्दा बढी संस्थाबाट निर्वाचन पर्यवेक्षण गर्न पाउँदैन ।

**१४८. निर्वाचन पर्यवेक्षकको लागि अन्तराष्ट्रिय पर्यवेक्षण संस्थाको तर्फबाट व्यक्तिगत पर्यवेक्षक बन्नको लागि के के कागजात आवश्यक हुन्छ ?**

पर्यवेक्षण गर्न चाहने अन्तराष्ट्रिय संस्थाले सम्बधित मुलुकमा दर्ता भएको प्रमाण, संस्थाको उद्देश्य, सुशासन, लोकतन्त्र, निर्वाचन, मानव अधिकार र शान्ति प्रवर्द्धनसंग सम्बन्धित भएको, निर्वाचन आयोगको आचार संहितालाई पूर्ण पालना गर्ने, पहिले अनुमति प्राप्त गरि निर्वाचन पर्यवेक्षण संलग्न भएको भए आयोगबाट निर्धारित अवधि भित्रै सो को प्रतिवेदन पेश गरेको प्रमाण, निर्वाचन सम्बन्धी कुनै कसुर सजाय नपाएको तथा नेपालको कानूनलाई पालना गर्ने संस्थालाई पर्यवेक्षण गर्न अनुमति प्रदान गर्न सक्नेछ । त्यस्तो संस्थाबाट पर्यवेक्षण गर्ने चाहने व्यक्ति २१ बर्ष पुरा भएको हुने पर्ने, १०+२ उतिर्ण भएको प्रतिलिपि, १ प्रति फोटो, पास पोर्टको प्रतिलिपि एक पेस गर्नुपर्ने छ ।

**१४९. पर्यवेक्षणको लागि अनुमति लिंदा पर्यवेक्षण गर्ने मतदान केन्द्रको संख्यामा केही कमी भयो भने अनुमति पाईन्छ कि पाईदैन ? न्यूनतम कति वटा मतदान स्थलमा पर्यवेक्षक गर्नुपर्ने हो ?**

पाईदैन । पर्यवेक्षण संस्थाले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि सातवटै प्रदेशका जिल्लाहरु समावेश गरि न्युनतम एक सय मतदान स्थलमा पर्यवेक्षण गर्नुपर्दछ ।

१५०. **पर्यवेक्षण गर्न लाग्ने खर्च कसले दिन्छ ?**
निर्वाचनमा पर्यवेक्षण गर्न लाग्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित पर्यवेक्षण संस्थाले नै गर्नुपर्छ ।

१५१. **के पर्यवेक्षकले आफ्नो वडामा पर्यवेक्षण गर्न पाउँछ ?**
पर्यवेक्षण संस्थाले कुनै पनि पर्यवेक्षकको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको वडामा पर्यवे गर्न पाउँदैन ।

१५२. **संस्थागत रुपमा पर्यवेक्षक खटाउने कस्तो व्यवस्था छ ? मापदण्डमा कस्तो संस्थालाई समावेश गर्ने उल्लेख गरिएको छ ?**
पर्यवेक्षण गर्न चाहने राष्ट्रिय वा अन्र्तराष्ट्रिय संस्थाले आयोगबाट अनुमति लिनु पर्दछ । त्यस्तो संस्थाले पर्यवेक्षण गर्न अनुमतिको लागि संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, संस्था नवीकरण भएको निस्साको प्रतिलिपि, संस्थाको विधान, संस्थाका कार्यसमितिका पदाधिकारीहरुको विवरण, राष्ट्रिय वा अन्र्तराष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को  प्रमाण, पर्यवेक्षण सम्बन्धी तयार वा प्रकाशन गरेका कागजात - पुस्तिका, निर्देशिका, ब्रोसर, पहिले निर्वाचन पर्यवेक्षण गरेको भए सो आयोगमा बुझाएको प्रमाण सहित आयोगले तोकेको मितिमा आवेदन दिनु पर्दछ । यसैगरि, सस्थाको उद्देश्य सुशासन, लोकतन्त्र, निर्वाचन, मानव अधिकार र शान्ति प्रवर्धनसंग सम्बन्धित भएको, सम्बन्धित संस्थाले पेश गरेको पर्यवेक्षक परिचालन सम्बन्धी विवरणमा लैंगिक तथा समावेशी रूपमा पर्यवेक्षक परिचालन गर्ने व्यवस्था भएको, पहिले अनुमति प्राप्त गरि निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधि भित्र सो को प्रतिवेदन पेश गरेको जस्ता मापदण्ड राखेको छ ।

१५३. **पर्यवेक्षकले निर्वाचन आचार संहिता उल्लङ्घन गरेमा कस्तो सजाय हुन्छ ?**
कुनै पर्यवेक्षकले निर्वाचन आचार संहिताको उल्लङ्घन गरि पर्यवेक्षण गरेको पाइएमा मतदान अधिकृतले त्यस्तो पर्यवेक्षकलाई पर्यवेक्षण गर्न रोक लगाई निजलाई दिईएको परिचय पत्र खिची त्यसपछि हुने कुनै पनि निर्वाचन मा पर्यवेक्षकको रूपमा खट्न नपाउने गरि रोक लगााउन सक्छ ।

१५४. **पर्यवेक्षण गर्न चाहने संघ संस्थाले कहाँबाट अनुमति लिनु पर्दछ ?**
पर्यवेक्षण गर्न चाहने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाले आयोगबाट अनुमति लिनु पर्दछ ।

१५५. **चुनावको प्रचार प्रसार कति गते सम्म गर्न पाईने हो ?**
मतदान हुने दिनको अघिल्लो ४८ घण्टा देखि दल तथा उम्मेदवारको निर्वाचनको प्रचार प्रसार गर्न पाइँदैन ।

१५६. **कुनैपनि उम्मेदवार र पार्टी मन परेन भने कसरी आफ्नो मत No Vote मार्फत कसरी जाहेर गर्न सकिन्छ ?**
सर्वोच्च आदलतले नो भोटको व्यवस्था गर्न आदेश गरे पनि हालसम्म कानूनत : त्यस्तो प्राबधान नआईसकेको हुँदा **No Vote** को व्यवस्था रहेको छैन ।

१५७. **निर्वाचनको मौन अवधि शुरु भएपछि के के गर्न नपाईने हो ? जानकारी दिनुहोला ?**
अहिलेको आचार सहिंतामा मौन अवधि भनी उल्लेख नगरेको तर मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नु पर्ने **बिशेष आचरण** भनि उल्लेख गरिएको छ। सो समयावधि भित्र राजनीतिक दलका

पधाधिकारी, उम्मेदवार, दलको भातृ संगठन वा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने आचरण उल्लेख भएको छ ।

- निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने,
- मतदान हुने दिनको ४८ घण्टा अघि मतदान स्थलको ३०० मिटर वरिपरी राखिएका राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारका सामग्री हटाउनु पर्ने,
- कुनै पनि विधि, प्रक्रिया वा मध्यमबाट मत माग्न र निर्वाचन प्रसार प्रसार गर्न नहुने,
- सामाजिक संजाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नपाउने उल्लेख गरिएको छ ।

१५८. **मतदाता शिक्षा कार्यक्रममा नमूना मतपत्र छैन । दलगत रुपको नमूना मतपत्र पाईन्छ कि पाईदैन ?**
मतदाता शिक्षाको लागि नमुना मतपत्र आयोगको वेब साइटमा उपलब्ध भएकोले त्यहि बाट लिन सक्नु हुन्छ ।

१५९. **भोट हाल्ने प्रक्रियाको बारेमा भिडियो बनाउन मिल्छ ?**
निर्वाचन आयोगले मतदाता शिक्षाको लागि भोट हाल्ने प्रक्रियाको बारेमा भिडियो बनाउने गर्दछ । सोहि भिडियो लाई नै प्रयोग गर्नु सक्नु हुन्छ । अन्यथा, तपाईले तयार गरेको भिडियो आयोगबाट स्वीकृत गराउनु पर्दछ ।

**१६०. नागरिक एपबाट मतदाता परिचयपत्र हेर्न मिल्छ कि मिल्दैन ?**
नागरिक एपबाट मतदाता परिचयपत्र हेर्न मिल्छ ।

**१६१. नमूना मतपत्र कहाँबाट कसरी हेर्ने पाईन्छ की पाईदैन ?**
निर्वाचन आयोगको वेभ साईट election.gov.np मा र जिल्ला निर्वाचन कार्यालयमा समेत गएर हेर्न सकिन्छ ।

**१६२. २०५९ सालको मतदाता परिचयपत्रबाट मतदान गर्न मिल्ने नमिल्ने ?**
२०५९ सालको मतदाता परिचय पत्र बायोमेट्रिक नभएकोले सो परिचय पत्रबाट मतदान गर्न मिल्दैन । निर्वाचन आयोगको २०७० को फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गराएका तथा अन्तिम मतदाता नामावलीमा नाम दर्ता गराएका नेपाली नागरिकले मात्र निर्वाचनमा मतदान गर्न पाउँछन् ।

**१६३. आयोगको वेवसाईटमा राखिएको मतपत्र जिल्ला पिच्छे फरक परेकोमा आधिकारीक मतपत्र कसरी छुट्याउने ?**
आयोगको वेबसाईटमा राखिएको मतपत्र आधिकारिक नै हो, उम्मेदवार अनुसार मतपत्र छापिन्छ। जिल्ला पिच्छे उम्मेदवारको संख्या फरक भएको हुनाले मतपत्र पनि फरक हुन्छ ।

**१६४. मतदातालाई सुसुचित गराउन मतपत्रमा कसरी भोट हाल्ने हो भनेर सिकाउने कुनै कार्यक्रम छैन ?**
निर्वाचन आयोगले मतदातालाई सुसुचित गर्न निर्वाचन शिक्षा कार्यकर्ता मार्फत घरदैलो कार्यक्रम संचालन गर्दैछ । यसका अतिरिक्त रेडियो, टेलिभिजन र सामाजिक संजाल मार्फत पनि आम मतदातालाई सहि मतदान गर्ने तरिका सिकाई रहेको छ ।

**१६५. मत सर्वेक्षण गर्न पाइन्छ ?**

उम्मेदवारको मनोंनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न पाउँदैन ।

**१६६. कुनै दल वा उम्मेदवारले जुलुस, आमसभा गर्न स्थानीय प्रशासनको अनुमति लिन आवश्यक छ ?**

स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको  जुलुस, आमसभा, कोण सभा, वा भेला गर्न नहुने, यसरी कार्यक्रम गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थान को बारेमा कम्तिमा २४ घण्टा अगावै जानकारी गराउनु पर्दछ ।

**१६७. जुलुस वा आम सभामा भाग लिने वा प्रचार प्रसारमा जाने व्यक्तिले टोपी, टि सर्ट लगाएर जान पाउँछ ?**

जुलुस वा आम सभामा भाग लिन जाने वा प्रचार प्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झन्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गाम्चा, ब्याज, मास्क, वा लकेट लगुना वा झोला बोक्न हुँदैन ।

**१६८. निर्वाचनको लागि मतदान केन्द्र तोकिने स्थानमा विद्यालय बन्द कहिलेबाट हुन्छ ?**

मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीन सय मिटरसम्मको क्षेत्रलाई चार किल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्दछ । यसैगरि मतदान गर्नु ४८ घण्टा अघिबाटै सो क्षेत्र वरिपरी कुनै उम्मेदवारको प्रचार प्रसार गर्न नपाउने र मतदान केन्द्रको सुरक्षा दिनु पर्ने र मतदान केन्द्र

निर्माण गर्नु पर्ने भएकोले कम्तिमा मतदानको २ दिन अघिबाट त्यस्ता बिद्यालयहरु बन्द हुने गर्दछ ।

**१६९. निर्वाचन प्रचार प्रसारको कति बजे देखि कति बजेसम्म गर्न पाउँछ ?**

उम्मेदवार र राजनीति दलले जुलुस, आम सभा, कोण सभा, भेला वा प्रचार प्रसारका कार्यक्रम गर्दा बिहान ७ बजे देखि साँझ ७ बजे सम्म मात्र गर्न पाउँछ ।

**१७०. उम्मेदवारको मनोनयन पत्र पेश गर्न जाँदा कतिजना सम्म जना पाईन्छ ?**

निर्वाचनमा उम्मेदवारको मनोनयन पत्र पेश गर्न जाँदा वा प्रचार प्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित ५० भन्दा बढीको जुलुस लिएर जान नहुने र बाजा, गाजा तथा झाँक्री सहित जान नहुने प्राबधान छ ।

**१७१. निर्वाचन प्रचार प्रसारमा सवारी साधनको प्रयोग गर्न पाईन्छ ?**

चार पांग्रा गाडी, मोटरसाइकल, साइकल, बयल गाडा, रिक्शा, टाँगा, ठेला गाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरि र्‍याली आयोजना गर्न वा प्रचार प्रसार गराउन पाईदैन ।

**१७२. निर्वाचन हुनु भन्दा कति दिन अघि देखि के कस्तो प्रचार गर्न पाउछ ?**

उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिन भन्दा १७ दिन अघि देखी मात्र निर्वाचन प्रचार प्रसार सम्बन्धी देहाय काम गर्न सक्ने ( जुलुस, आमसभा, कोण सभा गर्न, संचार माध्यममा कुनै प्रकारको प्रचार प्रसार सामग्री प्रकाशन वा प्रशारण गर्न, निर्वाचन प्रचार प्रसारको लागि घर दैलो कार्यक्रम गर्न पाउँछन ।

# पास

१७३. **मतदानको दिन क-कसले सवारी अनुमति पत्र लिनु पर्दैन ? अस्पतालको एम्बुलेन्स बाहेकका सवारी साधन चलाउन सवारी पास लिनुपर्ने हो कि होईन ? मतदानको दिन स्वास्थ्य संस्थामा कार्य गर्ने कर्मचारीलाई सवारी पास आवश्यक हो, होईन ?**
मतदानको दिन निर्वाचन सम्बन्धी कुनै प्रयोग नहुने गरी एम्बुलेन्स, खानेपानीको ट्यांकर, दुध बोक्ने सवारी साधन, दमकल, दुरसञ्चार तथा केवल सेवा, शव वहान, अस्पतालका स्वास्थ्यकर्मीको आवागमनका लागि प्रयोग हुने साधन, अस्पतालमा कार्यरत परिचय पत्र प्राप्त चिकित्सकले प्रयोग गर्ने सवारी साधन, फोहोर मैला ओसार पसार गर्ने सवारी साधन, तरकारी, फलफुल तथा बिद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बेर प्लेट सि डी उल्लेख भएका कुटनीतिक नियोगको सवारी साधनको  हकमा सवारी अनुमति पत्र लिनु पर्दैन ।

१७४. **मेडियाहरुले सवारी पास लिंदा कसको सिफारिश लिने र के के कागजात पेश गर्नुपर्ने हुन्छ ? अनलाईन मेडियाले सवारी पासको लागि कहाँ कसरी सम्पर्क गर्ने हो ?**
मिडियाहरुले सवारी पास लिन सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी मार्फत सम्पर्क गर्नुपर्दछ । प्रेस पास भएका संचारकर्मीले प्रेस पास राख्नु पर्दछ भने नभएकाको हकमा सूचना तथा प्रशारण बिभाग र प्रदेश संचार रजिष्ट्रारको कार्यालय, प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरणको सिफारिशको आधारमा सवारी अनुमतिपत्र जारी गरिन्छ ।

**१७५. सार्वजनिक सवारी साधन कहिलेदेखि बन्द हुन्छ ? उपत्यकाबाट बाहिर जानको लागि प्राईभेट सवारी कहिलेसम्म चलाउन पाईन्छ ?**
मतदान हुने अघिको मध्यरात देखि मतदान सम्पन्न भएका मतपेटिकाहरु सुरक्षित रूपमा मतगणना स्थलसम्म नपुगेसम्म प्राइभेट सवारी साधन चलाउन पाउँदैन ।

**१७६. निर्वाचनको दिन मतदान केन्द्रसम्म जानका लागि सवारी पासको व्यवस्था कसरी गरिदैंछ ?**
मतदानको दिन सवारी यातायातको साधन नचल्ने भएकोले आम मतदाताले पैदलै आफ्नो मतदान केन्द्रमा गइ मतदान गर्नुपर्ने हुन्छ । तर आफै हिडडुल गर्न नसक्ने व्यक्तिले सवारी पास पाइन्छ त्यसको लागि मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत कार्यालयमा समयमै सम्पर्क गर्नुपर्दछ ।

**१७७. सवारी पासको व्यवस्थापन कसरी गरिएको छ ? निर्वाचनको दिनमा बिदेश जाने फ्लाईट छ ? एयरपोर्ट सम्म जानको लागि के कसरी कहाँबाट पास लिनुपर्दछ ?**
निर्वाचन आयोगले मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरेको छ । सोहि अनुरुप आवश्यक संघ संस्था, व्यक्तिलाई सवारी अनुमति प्रदान गरिन्छ । उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन चलाउनको लागि मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत समक्ष निवेदन दिनुपर्नेछ । अन्र्तराष्ट्रिय हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुरुहरुको हकमा पासपोर्ट, भिसा र हवाई टिकटका आधारमा त्रिभुवन विमानस्थलसम्म र त्यहाँबाट यात्रुरुको बास स्थानसम्मको आवागमनको सहजीकरण काठमाडौं प्रमुख जिल्ला अधिकारीले मिलाउने व्यवस्था गर्दछ ।

**१७८. उम्मेदवार वा राजनीतिक दलका प्रतिनिधिले सवारी साधनको अनुमति कहाँबाट लिने हो ? मोटरसाईकलको पनि अनुमति लिनुपर्ने हो ?**

उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन चलाउनको लागि मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत समक्ष निवेदन दिनुपर्दछ ।

**१७९. मतदानको दिन सवारी पास अनुमति नलिइ मापदण्ड बिपरित सवारी साधन चलाएमा के हुन्छ ?**

मतदानको दिन कसैले माप दण्ड बिपरित सवारी साधन प्रयोग गरेको पाईएमा सुरक्षा  निकाय तथा सुरक्षाकर्मी त्यस्ता सवारी साधन कब्जामा लिई मतदानको काम सम्पन्न भएपछि मात्र फिर्ता दिनेछ ।

**१८०. उपत्यका बाहिर खटिनुभएका पर्यवेक्षकहरुका लागि सवारी पास निर्वाचन अधिकृतले वा जिल्ला प्रशासन कार्यालय कसले उपलब्ध गराउने हो ?**

उपत्यका बाहिर खटिनुभएका पर्यवेक्षकहरुका लागि सवारी पास निर्वाचन अधिकृतले  कार्यालयले उपलब्ध गराउनेछ ।

## समावेशी

**१८१. राम्रोसँग आँखा देख्न नसक्ने बुढाबुढीले कसरी मतदान गर्न सक्छ ? उसलाई लिएर भोट हाल्न जाने व्यक्तिले अर्कैलाई भोट लगाएमा के हुन्छ ?**

राम्रोसंग आँखा नदेखने बुढाबुढीले परिवारको सदस्यको सहयोग वा मतदान अधिकृतको सहयोगमा मतदान गर्न पाउँछन् ।

**१८२. अपांगता भएका व्यक्तिले मतदान गर्न जाने कुनै व्यवस्थापन आयोगले गरेको छ ?**

आफै हिडडुल गर्न नसक्ने अशक्त व्यक्तिका लागि बास स्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवत जावत गर्न मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले सवारी साधन अनुमति प्रदान गर्दछ ।

**१८३. अपांगता भएका व्यक्तिलाई निर्वाचनमा भाग लिन कुनै आरक्षण छ, छैन ?**

उम्मेदवारीमा धरौटी मा ५० प्रतिशत छुट, दृष्टिविहीन वा शारिरीक रूपले असक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य वा निजले चिताएको व्यक्ति साथमा लगि मतदान गर्न पाउने , आफै हिडडुल गर्न नसक्ने अशक्त व्यक्ति लागि बस स्थानदेखि मतदान केन्द्र सम्म र मतदान केन्द्रदेखि बासस्थान सम्म आवत जावत गर्न मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले सवारी साधन अनुमति प्रधान गर्दछ । त्यस्तो सवारी साधनमा असक्त व्यक्ति संगै सहयोगको लागि निजको साथ एकाघरको एक जना व्यक्ति मात्र साथ जना सक्ने छ । मतदान केन्द्र निर्माण गर्दा सकेसम्म अपांगता भएका व्यक्तिहरु लागि समेत सहज हुने गरि निर्माण गर्नु पर्दछ ।

## निर्वाचन कर्मचारी

**१८४. मतदान अधिकृतले अर्धकट्टि गरिएका मतपत्र र उभ्रिएका मतपत्रहरुलाई एकै ठाउँमा सिल गर्ने हो वा छुट्टाछुट्टै सिलबन्दी गर्नुपर्ने हो ?**

मतदान अधिकृतले अर्धकट्टि गरिएका मतपत्र र उभ्रिएका मतपत्रहरुलाई छुट्टाछुट्टै सिलबन्दी गर्नुपर्दछ ।

**१८५. कर्मचारीहरुलाई मतदान गर्न छुट्टै व्यवस्था गरिएको छ कि छैन ?**
निर्वाचनमा खटिने कर्मचारीहरुलाई समानुपातिक निर्वाचन प्रणालीमा मतदान गर्न व्यवस्था मिलाइएको छ ।

**१८६. निर्वाचनमा खटिने मतदान अधिकृतहरुलाई तालिमको व्यवस्था हुन्छ कि हुदैन ?**
निर्वाचनमा खटिने मतदान अधिकृतहरुलाई तालिमको व्यवस्था हुन्छ । यसरी खटिने मतदान अधिकृत हरुले निर्वाचन र निर्वाचन आयोगको बारेमा थप जानकारी लिन चाहेमा आ्योगको वेबसाइट www.election.gov.np मा गएर विभिन्न ऐन, कानून, निर्देशिकाहरु अध्ययन गर्न पनि सक्छन् ।

## स्वतन्त्र

**१८७. स्वतन्त्र उम्मेदवारले एउटा निर्वाचन चिन्ह लिनुभएको छ । उहाँले सो चिन्ह फेरेर अर्को निर्वाचन चिन्ह लिन खोज्नुभएको छ । पाईन्छ कि पाईदैन ?**
एउटा निर्वाचन चिन्ह लिई सकेपछि सोहि निर्वाचनमा फेरी अर्को निर्वाचन चिन्ह लिन पाइँदैन ।

**१८८. निर्वाचन चिन्ह प्रदान गर्दा स्वतन्त्र उम्मेदवारहरु धेरै भएको हकमा के हुन्छ ?**
त्यसले खासै फरक पर्दैन ।

**१८९. स्वतन्त्र उम्मेदवारहरुको मनोनयन बढी भएको स्थानमा मतपत्र कसरी व्यवस्थापन हुन्छ ? स्वतन्त्र उम्मेदवारहरुले आफूले रोजेको चिन्ह पाउने कि नपाउने ? स्वतन्त्रलाई निर्वाचनलाई चिन्ह दिँदा निर्देशिकामा स्पष्ट व्यवस्था नभएको हुँदा कसरी प्रदान गर्ने ?**

राष्ट्रिय मान्यता प्राप्त गरेको दल र अन्य दलको निर्वाचन चिन्ह बाहेक स्वतन्त्र उम्मेदवारहरु निर्वाचन आयोगले तयार गरेको निर्वाचन चिन्ह बैंकबाट निर्वाचन चिन्ह रोज्न पाईन्छ। यदि एक भन्दा वढी उम्मेदवारले एउटा चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गरिन्छ।

## निर्वाचनसम्बन्धी कसूर र सजाय

**१९०. उम्मेदवारले झुठा विवरण तथा कागजातबाट मनोनयन पेश गरेमा के कस्तो सजाय हुन्छ ?**

उम्मेदवारले झुठा विवरण पेश गरि मनोनयन गरेको पुष्टि भए निर्वाचन अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र निजको उम्मेदवारी बदर हुनेछ।

***नगद वा जिन्सी दिए वा लिएमा हुने कारवाही :***

*उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधि भित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे वापत उपहार, पुरस्कार, इनाम, दानदातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोज आयोजना गर्न र मतदाताले पनि त्यस्तो प्रयोजनको लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्न र सार्वजनिक भोजमा सहभागी भएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई रु. पचास*

*हजार रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।*

**१९१. चरित्र हनन गरेमा के कस्तो कारवाही हुन्छ ?**

उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको चरित्र हनन गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनसक्छ ।

**१९२. आयोगले तोकेको हदभन्दा बढी खर्च गरेमा के कस्तो सजाय हुन्छ ?**

राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा निर्वाचन आयोगले तोकेको हदभन्दा बढी खर्च गरेमा हदभन्दा बढी खर्च बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

**१९३. निर्वाचन खर्चको विवरण कहाँ बुझाउनु पर्छ र नबुझाएमा हुने के कस्तो सजाय हुन्छ ?**

- निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले तीस दिन भित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा निर्वाचन खर्च बुझाउनुपर्ने हुन्छ ।

- निर्वाचन खर्च विवरण पेश नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई निजले गरेको खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्नेछ । तर पेश भएको विवरणमा अस्वाभाविक वा निर्वाचनको स्वच्छता प्रतिकूल हुने गरी

वा गैरकानुनी प्रयोजनका लागि खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको रकम बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको जरिवाना गर्न सक्नेछ।

- त्यसरी ६ महिना भित्र जरिवाना नबुझाउने राजनीतिक दललाई तत्कालैदेखि लागू हुने गरी बढीमा ६ वर्षसम्म कुनैपनि निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ।

**१९४. एक पटक भन्दा बढी मतदान गर्नेलाई कस्तो सजाय हुन्छ ?**

कसैले पनि एउटै निर्वाचनका लागि एकभन्दा बढी पटक मतदान गर्न हुँदैन। तर कुनै व्यक्तिले यस्तो कार्य गरेमा निजलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**१९५. मतदान गर्न बाधा अवरोध गर्नेलाई कस्तो सजाय हुने व्यवस्था छ ?**

कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा त्यसतो व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

**१९६. मतदानको अधिकार बिना मतदान गरेमा के कस्तो सजाय हुन्छ ?**

कसैले पनि अर्को मतदाताको नामको मतपत्र बुझी वा अर्काको नामबाट मतदान गर्न हुँदैन। यदि कसैले त्यस्तो कार्य गरेमा सो कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

१९७. **मतपेटिकामा मतपत्रबाहेक अन्य वस्तु खसालेमा के कस्तो कारवाही हुन्छ ?**
कसैले मतपेटिकामा मतपत्रबाहेक अन्य वस्तु खसालेको पाइएमा निर्वाचन अधिकृतले पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१९८. **मतदान भएको मतपत्र बिगार्ने वा नष्ट गरेमा के कस्तो कारवाही हुन्छ ?**
मतदाताले मतपेटिकाका भित्र खसालेको मतपत्र बिगार्ने वा नष्ट गराउने, कुनै वस्तु वा पदार्थ मतपेटिका भित्र खसाल्न वा राख्न वा विद्युतीय उपकरण वा माध्यमद्वारा मतसंकेत गरिएको अवस्थामा त्यस्तो मतपत्र वा मत संकेतलाई निकाल्न वा त्यस्तो मतसंकेतलाई प्रभाव पार्न सक्ने गरी कुनै संयन्त्र वा उपकरण वा विद्युतीय माध्यम बनाउन वा त्यसको प्रयोग गर्न वा त्यस्तो संयन्त्र वा उपकरण अन्य कसैलाई दिनु हुँदैन । यस्तो कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

१९९. **निर्वाचन कसुर भएको गरेको थाहा पाएमा कहाँ उजुर गर्नुपर्दछ ?**
निर्वाचन कसुर हेरी मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमन टोली, निर्वाचन आयोग, उच्च अदालत, सर्वोच्च अदालतमा रहने संवैधानिक अदालतमा उजुर गर्नुपर्दछ । कुनै निकायले उजुरी सुन्ने हो भन्ने व्यवस्था निर्वाचन कसुर तथा सजाय ऐनको विभिन्न दफामा व्यवस्था भए बमोजिम हुनेछ । यो ऐन निर्वाचन आयोगको वेभ साईट www.election.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

**२००. उम्मेदवार वा उसको प्रतिनिधिले मतदातालाई अनुचित प्रभाव पारेको छ । उजुरी कता दिने होला ?**

यदि त्यस्तो अनुचित प्रभाव पारेको छ भने, सम्बन्धित मतदान अधिकृत वा निर्वाचन अधिकृत समक्ष उजुरी दिन सकिन्छ । यसैगरी निर्वाचन आयोगको कल सेन्टर को टोल फ्रि नम्बर ११०२ मा पनि सिधै उजुरी टिपाउन सकिन्छ ।

**२०१. सामाजिक संघसंस्थाले आचारसंहिता लागू भएपछि कस्ता किसिमका कार्यक्रमहरु गर्न नपाइने हो ?**

- राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,
- कनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,
- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसारको प्रयोजन गर्न नहुने,
- निर्वाचन शिक्षा सम्बन्धी प्रचारप्रसार बाहेक कनै राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने,
- निर्वाचन वा मतदाता शिक्षालाई प्रभावित गर्ने उद्देश्यले कुनै सहयोग, पुरस्कार, सामग्री प्राप्त गर्न नहुने,
- कनै पनि स्रोत नखुलेको रकम प्राप्त गर्न नहुने,
- कार्यालयमा निर्वाचन सम्बन्धी शिक्षामूलक सूचना सामग्री टाँस्न तथा प्रयोग गर्न बाहेक कनै राजनीतिक दल वा

उम्मेदवारको निर्वाचन प्रचारप्रसारका सामग्री टाँस्न वा राख्न नहुने,

- आफू वा आफू सम्बद्ध संस्थाको तर्फबाट कनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन नहुने,
- सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने ।

२०२. **आयोगको प्रेश विज्ञप्तीको अनलाईन ग्रुपमा रजिष्टर गर्न के गर्नुपर्छ ?**
आयोगको प्रेश शाखाबाट बनाईएको ग्रुपमा सम्पर्क गरी जोडिन सकिनेछ ।

२०३. **उम्मेदवारको मनोनयन सूची कहाँबाट हेर्न सकिन्छ ?**
निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन आयोगको वेवसाईटबाट अन्तिम मनोनयन सूची हेर्न सकिन्छ ।

२०४. **म बसेको क्षेत्रबाट को को उम्मेदवार उठ्नुहुन्छ भन्ने कुरा कसरी जानकारी पाईने हो ?**
निर्वाचन अधिकृतको कार्यालयबाट ।

२०५. **निर्वाचन आयोगको वेवसाईटबाट उम्मेदवारको नामावली कसरी हेर्न सकिन्छ ?**
आयोगको वेवसाईट वा मोवाईल एपबाट हेर्न सकिन्छ ।

२०६. **गत निर्वाचनमा कुनै दलको उम्मेदवारले कति मत प्राप्त गर्‍यो भनेर कहाँबाट जानकारी लिन सकिन्छ ?**
आयोगको वेवसाईट वा मोवाईल एपबाट हेर्न सकिन्छ ।

२०७. **महिला/अल्पसंख्यक को जस्तै अपांगलाई उम्मेदवारी दिंदा कोटा छ/छैन ?**
अपांगतालाई छुट्टै कोटा नरहेको तर ६ वटा समानुपातिक क्लष्टरभित्रै दलले बन्दसूची पेश गर्दा अपांगता भएका व्यक्ति वा पिछडिएका क्षेत्रबाट नाम समावेश गर्नुपर्दछ ।

२०८. **फोटो सहितको नामावली कहाँबाट प्रिन्ट गरेर लिन मिल्छ ?**
राजनीतिक दलको आधिकारीक निवेदन दिएर राजश्व तिरी जिल्ला निर्वाचन कार्यालयबाट लिन मिल्छ ।

२०९. **मतदाताहरुको फोन नं. सहितको विवरण कसरी पाउन सकिन्छ ?**
फोन नं. सहितको विवरण मतदाता नामावलीमा नरहेको ।

२१०. **मतदाता शिक्षा लगायत अन्य निर्वाचन सामग्री छपाई भै सकेको हो ? हामी मतदाताले लिन आउँदा पाइन्छ ? नमुना मतपत्र आयोगले उपलब्ध गराउँछ कि गराउँदैन ?**
निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा सम्पर्क गरी लिन सकिनेछ ।

२११. **निर्वाचनको बखत म्यादी प्रहरीको मृत्यू भएमा कति विमा रकम प्राप्त हुन्छ होला ?**
रु................................ बराबरको बीमा गरिएको छ ।

२१२. **निर्वाचनमा खटाईएका शिक्षकहरुको नामावली कहाँबाट पाउन सकिन्छ** ?
आफ्नो निर्वाचन क्षेत्रमा खटाईएका शिक्षकहरुको जानकारी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट पाउन सकिन्छ ।

२१३. **मतगणना कार्य मतदान सकिएपछि कहिलेबाट शुरु हुन्छ** ?
मतदानको कार्य सकिसकेपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले तोके बमोजिम मतगणना कार्य शुरु हुन्छ ।

२१४. **बसाईसराई ल्याईसकेको तर मतदाता नामावली साविककै गाउँपालिकामा रहेको व्यक्तिले साबिककै स्थानबाट उम्मेदवारी दिन पाउने कि नपाउने** ?
बसाईसराई ल्याई मतदाता नामावली अद्यावधिक भई सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएमा मात्र सो क्षेत्रबाट उम्मेदवारी दिन सकिने ।

२१५. **उम्मेदवारहरु एक आपसका समर्थक र प्रस्तावक बन्न पाईन्छ कि पाईन्न** ?
एक भन्दा बढी उम्मेदवारको समर्थक वा प्रस्तावक बन्न पाईदैन । तर एक आपसका समर्थक र प्रस्तावक बन्न रोकिएको छैन ।

२१६. **२०७४ सालमा जमानत जफत भएको उम्मेदवारले उम्मेदवारी दिन पाउने कि नपाउने ?**
पाईन्छ ।

२१७. **मतदान अधिकृतले वितरण गर्ने मतपत्रमा कुन मसीले हस्ताक्षर गर्न पाउने हो ?**

.....................

**२१८. कुनै व्यक्तिको नाममा बेरुजु नभई व्यक्ति प्रमुख रहेको संस्थाको नाममा बेरुजु भएमा उमेदवारी दर्ता गर्न पाइन्छ कि पाइँदैन ?**
उम्मेदवारी दर्ता गर्न पाईन्छ ।

**२१९. ठेक्कापट्टाको इजाजत पत्र लिएको तर कारोबारमा संलग्न नभएकोले उम्मेदवारी दिन पाउने कि नपाउने ?**
उम्मेदवारी दिन पाईन्छ ।

**२२०. बैंकले ऋण नतिरेको कारणबाट कालोसूचीमा परेको व्यक्ति उम्मेदवार हुन मिल्छ कि मिल्दैन ?**
उम्मेदवारी दिन पाईन्छ ।

**२२१. चेक वाउन्समा अदालतबाट रकम तिर्नुपर्ने भनी फैसला भएकोमा तिर्न बाँकी रहेको व्यक्तिले उम्मेदवारी दिन सकिने/नसकिने ?**
उम्मेदवारी दिन पाईन्छ ।

**२२२. निर्वाचन अधिकृतले कस्तो अधिकार प्रत्योजन गर्न सक्दैन ?**
निर्वाचन अधिकृत ले मनोनयन पत्र जाँच गर्ने, मनोनयन पत्र सदर वा बदर गर्ने, मत सदर बदर गर्ने र मत गणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार सहायक मतदान अधिकृत वा निर्वाचन मा खटिने कर्मचारी लाई प्रत्योजन गर्न सक्दैन ।

**२२३. मतदान अधिकृत को को हुन सक्छन ?**
कर्मचारी, शिक्षक मतदान अधिकृत रहन सक्छन तर कर्म कर्मचारी को हक मा निज को घर ठेगाना रहेको स्थान को सम्बंधित वडा मा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडा मा नपर्ने गरि नियुक्त गर्नु पर्दछ ।

## २२४. मतदाता नामावली कहाँ उपलब्ध हुन्छ ?

- दलले निर्वाचन आयोगमा औपचारिक पत्रको आधारमा फोटो बाहेकको  मतदाता नामावली विधुतीयरुपमा उपलब्ध गराउदछ । यसको लागि माग कर्ताले देहाय बमोजिमको दस्तुर तिर्नु पर्दछ ।
- देशभरको मतदाता नामावलीको लागि तीन हजार रुपैयाँ
- कुनै एक प्रदेशको मतदाता नामावलीको लागि २ हजार रुपैयाँ
- कुनै एक जिल्ला को मतदाता नामावलीको लागि १ हजार ५ सय रुपैयाँ
- प्रतिनिधि सभा सदस्यको  कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीको लागि १ हजार रुपैयाँ
- प्रदेश सभा सदस्यको कुनै निर्वाचन क्षेत्र को मतदाता नामावलीको लागि ५ सय रुपैयाँ ।
- मतदाता नामावली को नाम धधध।भभिअतष्यल।नयख।लउ मा हेर्न पनि सकिन्छ । यसका  अतिरिक्त प्रिन्ट नै चाहेमा प्रति पृष्ठ तीन रुपैयाको दरले प्रतिलिपि निर्वाचन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

## २२५. एक जना उमेदवारले कति वटा सम्म मनोनयन पत्र दर्ता गराउन सक्नेछन ?

एक जना उम्मेदवारले फरक फरक व्यक्ति प्रस्तापक र समर्थक रहेको २ वटा सम्म मनोनयन पत्र दर्ता गराउन सक्नेछन । कुनै एक उमेदवारको  दुई वटा मनोनयन पत्र दाखिला भए केवल एउटा मनोनयन पत्रको मात्र धरौटी राख्नु पर्ने छ ।

२२६. **प्रतिनिधि सभा सदस्य पदको लागि उमेदवारी दिन कति धरौटी राख्नु पर्दछ ?**

प्रतिनिधि सभा सदस्य पदको लागि उमेदवारी दिन १० हजार रुपैया धरौटी राख्नु पर्दछ । तर महिला दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उमेदवारको हकमा सो धरौटी रकममा ५० ५ छुट । आर्थिक रूपले विपन्न व्यक्ति भन्नले वार्षिक पारिवारिक आय ५० हजार रुपैया भन्दा कम भएको भनि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सिफारिस गरेको व्यक्ति हुनु पर्ने छ ।

२२७. **एक व्यक्तिले एक पटकमा कति वटा स्थान बाट उम्मेदवारी दिन सक्छन ?**

एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्नेछ । यदि एक भन्दा बढी स्थानमा उम्मेदवारी दिएमा आयोगले त्यस्तो उमेदवारको सबै निर्वाचन क्षेत्रको उम्मेदवारी रद्द गर्नेछ ।

२२८. **मतपत्रमा दल र उम्मेदवारको चिन्ह कसरी समावेश गरिन्छ ?**

प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलको सन्दर्भमा, प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ मा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत संख्याको आधारमा सो दलको उम्मेदवारहरुको निर्वाचन चिन्ह मतपत्रमा समावेश गरिन्छ। यसै गरि प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा र स्वतन्त्र उम्मेदवारको नामको वर्णनानू क्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिन्ह मतपत्रमा राखिन्छ ।

२२९. **मतदान केन्द्रमा मतदाताको कुन औलामा चिनो लगाइन्छ ?**
मर्हिला स्वयंसेवकले मतदाताको बाया हातको बुढी औलामा नंग र मासुको जोनीमा नमेटिने मसिले चिनो लगाउनु पर्छ । बायाँ हातको बुढी औला नभएमा दाया हातको बुढी औलामा चिन्ह लगाउनु पर्नेछर दाया हातको बुढी औला नभए बाया हातको चोर , माझी, साइली र कान्छी औला मध्ये जुन औला सद्दे छ, ति मध्ये एक औलामा चिन्ह लगाउनु पर्ने छ ।

२३०. **मतपत्र कसरी बदर हुन्छ ?**

- सम्बंधित मतदान अधिकृतको दस्तखत नभएको मतपत्र,
- औठा छाप लगाइ वा आयोग द्वारा निर्धारित स्वस्तिक चिन्ह बाहेक अनन्य चिन्ह वा चाप लगाई मत संकेत गरिएको,
- मत संकेत चिन्ह नबुझिने गरि लतपतिएको वा च्यातिएको,
- उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत संकेत नगरी अन्य ठाउँमा मत संकेत गरिएको,
- एक भन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा छुट्टै मत संकेत गरिएको,
- एक भन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत संकेतको चिन्ह पर्ने गरि मत संकेत गरिएको,
- मत संकेत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिइएको,
- कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिन्ह मत संकेत नगरिएको,

- आयोग द्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्र द्वारा मतदान गरिएको,
- मतपेटिका भन्दा बाहिर राखिएको,
- जाली मतपत्र,
- पट्याएको मतपत्र भित्र रुपैया, कागज वा अन्य कुनै बस्तु संग्लग्न गरेको वा कुनै रूपमा च्यातिएको , प्वाल परेको,
- एउटा पट्याएको मतपत्र भित्र अरु मतपत्र संगै एक साथ पत्याएको,
- उम्मेदवार वा दल को निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेको कोठामा भन्दा बाहिर वा मतपत्रको अन्य कुनै भाग्न समेत मतसंकेत गरेको ,
- समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा उम्मेदवार को बन्द सुची पेश नगरेको दल को निर्वाचन चिन्हमा मत संकेत गरिएको
- आयोगले बदर हुने भने तोकेको मतपत्र ।

२३१. **दुई वा दुई भन्दा बढी उम्मेदवार को मत बराबर भए के गर्ने** ?
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका उम्मेदवार हरु बीच बराबर सदर मत प्राप्त भएमा निर्वाचन अधिकृत ले बराबर मत पाउने उम्मेदवार बीच गोला हाली निर्णय गराउछ ।

२३२. **विजयी उम्मेदवार लाई कसले प्रमाणपत्र दिन्छ** ?
निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित उमेदवार को परिणामको घोषणा गरि सकेपछि निर्वाचित उम्मेदवारलाई प्रमाण पत्र प्रदान गर्दछ ।

२३३. **निर्वाचन मा निर्वाचन प्रतिनिधि को को हुन पाऊछन ?**
नेपालको नागरिक, २१ वर्ष उमेर पुरा भएको, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम भएको र साधारण लेखपढ गर्न जानेको जो कोही व्यक्ति निर्वाचन प्रतिनिधि हुन पाऊछन ।

२३४. **स्थानीय तहका गाउँपालिका तथा नगरपालिकाका जनप्रतिनिधिहरूले दलको चुनाव प्रचारप्रसार गर्न पाउँछन् कि पाउँदैनन् ?**
आफू निर्वाचित भएको पालिकाबाहेक अन्यत्र पाउँछन् तर त्यसरी अन्य पालिकामा प्रचारप्रसारमा जाँदा सरकारी स्रोत साधनको प्रयोग गर्न निर्वाचन आचारसंहिता, २०७९ ले रोक लगाएको छ ।

२३५. **कार्यपालिकाको निर्णयानुसार करारमा कार्यरत कर्मचारीहरूको म्याद थप गर्न मिल्छ कि मिल्दैन ?**
नयाँ कर्मचारीलाई करारमा भर्ना गर्न मिल्दैन तर साविकमा कार्यरत करारका कर्मचारीहरूको म्याद थप्न आचारसंहिताले बाधा मानेको छैन ।

२३६. **आयोगले मिडियालाई अनुगमन गर्न सेना र प्रहरीलाई प्रयोग गरेको हो ?**
होइन, सञ्चारमाध्यमका सामग्रीमा आचारसंहिता उलंघन भए/नभएको विषयमा अनुगमन प्रेस काउन्सिल नेपाल मार्फत हुने गर्दछ ।

२३७. **आधिकारिक र वास्तविक मतपत्रको नमूना आयोगले कहिले उपलब्ध गराउँछ ?**
आयोगले वास्तविक मतपत्रको नमूना क्रमश: आयोगको धभदकष्तभ मार्फत सार्वजनिक गर्दै गइरहेको छ । त्यसका लागि election.gov.np लिंकमा गई हेर्न सकिनेछ ।

२३८. **आगामी निर्वाचनमा मतपत्र कतिवटा हुन्छ र रंग कस्तो हुन्छ ?**
प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मतदाताले छुट्टाछुट्टै रुपमा चारवटा मतपत्रमा रहेका आफूले इच्छाएको निर्वाचन चिह्नमा मतदान गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचनको लागि सेतो पृष्ठभूमिमा रातो रंगको निर्वाचन चिन्ह र विवरण भएको मतपत्र तथा प्रतिनिधिसभा र प्रदेशसभातर्फ समानुपातिक निर्वाचन प्रणालीको लागि सेतो पृष्ठभूमिमा कालो रंगको निर्वाचन चिन्ह र विवरण भएको मतपत्र हुनेछ ।

२३९. **आगामी निर्वाचनमा कसरी मत दिने हो ?**
सर्वप्रथम प्रतिनिधिसभा सदस्य निर्वाचनतर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि रातो रंगको निर्वाचन चिन्ह र विवरण भएको मतपत्रमा मतदान गरी १ नं. को मतपेटिकामा मतपत्र खसाल्नुपर्दछ । प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचनतर्फको कालो रंगको निर्वाचन चिन्ह र विवरण भएको मतपत्रमा मतदान गरी मतपेटिका नं. २ मा मत खसाल्ने, तत्पश्चात प्रदेशसभा सदस्य निर्वाचनतर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि रातो रंगको निर्वाचन चिन्ह र विवरण भएको मतपत्रमा मतदान गरी ३ नं. को मतपेटिकामा मतपत्र खसाल्ने र अन्त्यमा प्रदेशसभा सदस्य निर्वाचनतर्फ समानुपातिक निर्वाचनतर्फका लागि कालो रंगको निर्वाचन

चिन्हर विवरण भएको मतपत्रमा मतदान गरी मतपेटिका नं. ४ मा मतपत्र खसाल्नुपर्दछ ।

२४०. **आफ्नो क्षेत्रको प्रदेश र प्रतिनिधिसभाका उम्मेदवारहरूको नामावली कहाँबाट कसरी हेर्न सकिन्छ ?**
मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा तथा निर्वाचन आयोगको वेभसाइटबाट हेर्न सकिनेछ ।

२४१. **विभिन्न संघसंस्थाहरूले निर्वाचनमा मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्न पाउँछन् कि पाउँदैनन् ?**
निर्वाचनमा त्यस्ता संस्थाहरूबाट मतदाता शिक्षा सञ्चालन गर्न पाइन्छ तर कुनैपनि राजनीतिक दल, उम्मेदवार वा कुनै खास निर्वाचन चिन्ह लक्षित प्रचारप्रसार नगरी बदर मत कम गराउने नियतका साथ मतदाता सचेतना कार्यक्रम गर्नुपर्छ । आयोगको पूर्व स्वीकृति लिएमा सोका लागि आवश्यक सामग्री समेत उपलब्ध हुन सक्दछ ।

२४२. **आयोगबाट उम्मेदवारहरूको मोबाइल नम्बर उपलब्ध गराउन मिल्छ कि मिल्दैन ?**
उम्मेदवारको व्यक्तिगत मोबाइल नम्बर दिन मिल्दैन ।

२४३. **आयोगबाट मतदाता शिक्षाअन्तर्गत नमूना मतदानका लागि मतपेटिका उपलब्ध गराइन्छ कि गराइँदैन ?**
मतदाता शिक्षा प्रयोजनार्थ ७५३ वटै पालिकाले नमूना मतदानको लागि मतपेटिका प्राप्त गर्दछन् ।

२४४. **विगत वर्षहरूदेखि हाम्रो दलले दशैं तिहारमा चियापन गर्ने परम्परा छ । यसपाली यसैबीचमा निर्वाचन परेकोले आचारसंहिता विपरीत हन्छ कि हुँदैन ?**

कुनै राजनीतिक दलको झण्डा, निर्वाचन चिन्ह, उम्मेदवारको तस्विर अंकित पर्चा, पोष्टर, ब्यानरहरू नराखी सामान्य ढंगले चियापान गर्न बाधा छैन ।

२४५. **टोल सुधार समितिहरूले फुटबल प्रतियोगिता आयोजना गर्न पाउने कि नपाउने ? उम्मेदवारबाट उद्घाटन गर्न मिल्ने कि नमिल्ने ? सार्वजनिक संस्था वा क्लबको तर्फबाट ज्येष्ठ नागरिकलाई सम्मान गर्ने योजना/कार्यक्रम र कुनै पनि राजनीतिक दललाई सम्बद्ध नगरी सम्मान कार्यक्रम गर्न मिल्छ कि मिल्दैन ?**

पूर्व निर्धारित प्रतियोगिता आयोजना गर्न बाधा नपर्ने तर कुनै राजनीतिक दलको नेता तथा उम्मेदवारले उद्घाटन गर्न मिल्दैन । त्यसरी सम्मान कार्यक्रम आयोजना गर्न बाधा छैन तर कुनै राजनीतिक दलको उम्मेदवार सहभागी हुन हुँदैन ।

२४६. **पत्रकारहरूले मतदान केन्द्रमा स्थलगत रिपोर्टिङ गर्न कसको अनुमति लिनुपर्छ ?**

सम्बन्धित मतदान अधिकृतबाट तोकिएको स्थानसम्मका लागि अनुमति पाउन सकिनेछ ।

२४७. **मतपत्रमा निर्वाचन चिन्ह, क्रम र लहर केका आधारमा तय गरिन्छ ?**

वि. सं. २०७४ को निर्वाचनमा समानुपातिकतर्फ पहिलो हुने दलको मत चिन्ह अगाडी राखी दोश्रो, तेश्रो हुने दलहरूको क्रमशः निर्वाचन चिन्ह राखिन्छ । तत्पश्चात् दल दर्ताको क्रमानुसार र स्वतन्त्र उम्मेदवारहरूको हकमा उम्मेदवारको नामको वर्णानुक्रमानुसार निर्वाचन चिन्ह राखिन्छ ।

२४८. **छठ पर्वको घाट निर्माण गर्दा प्रवेशद्वारमा राजनीतिक दलको नाम र मत चिन्ह उल्लेख नगरी उम्मेदवारको फोटोसहितको शुभकामना सन्देश राख्न पाइन्छ कि पाइँदैन ?**
निर्वाचन आचारसंहिता बमोजिम त्यसरी सन्देश राख्न पाइँदैन ।

२४९. **निर्वाचन खर्चको विवरण पेश गर्ने फारामको ढाँचा वा नमूना आयोगले निर्धारण गरेको छ ?**
छ, आयोगको वेभसाइटमा हेर्न सकिनेछ ।

२५०. **निर्वाचन आयोगले ल्य ख्यतभ को व्यवस्था किन नगरेको हो ?**
हालसम्म ल्य ख्यतभ  को लागि कानूनी व्यवस्था भईनसकेको ।

२५१. **गुल्मीमा एक शिक्षकले फेसबुकबाट उम्म्दवारको प्रचार प्रसार गरेको क्अचभभलकजयत कसरी कसलाई पठाउने हो ?**
media@ecn.gov.np or callcenter@election.gov.np, mohan.joshi@election.gov.np मा Screenshot, Link लगायतका अन्य प्रमाणका साथ :बर्ष  मार्फत उजुरी गर्न सकिने । साथै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति वा निर्वाचन आयोगको फेसबुक पेजमा पठाउन सकिन्छ ।

२५२. **उम्मेदवारले मतदान केन्द्र भित्र प्रवेश गरेर मतदानको तथ्याङ्क लिने लगायतका कार्य गर्न पाईन्छ ?**
सम्बन्धित मतदान अधिकृतको अनुमतिमा के कति मतदान भयो अद्यावधिक विवरण लिन सकिने ।

२५३. **म प्रहरी हुँ । उम्मेदवारलाई वा निजको प्रतिनिधिलाई मतदान केन्द्र भित्र निर्वाध रुपले प्रवेश गर्न  पाईन्छ ?**
सम्बन्धित मतदान अधिकृतले तोके बमोजिमको क्षेत्रसम्म अनुमति लिई प्रवेश गर्न सकिने ।

२५४. **वडाध्यक्ष आफ्नो काम छाडेर उम्मेदवारको प्रचार प्रसारमा हिड्नुभएको छ । उजुरीको प्रकृया के होला ?**
जनप्रतिनिधिहरु आफू निर्वचित भएको पालिकामा प्रचार प्रसार गरे सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति वा निर्वाचन आयोगको फेसबुक पेज मार्फत उजुरी गर्न सकिन्छ ।

२५५. **नागरिकता लगायतका कुनैपनि प्रमाणले भोट हाल्न पाईन्छ ?**
अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले नागरिकता लगायतका परिचय खुल्ने अन्य सरकारी कागजातको आधारमा मतदान गर्न पाईन्छ ।

२५६. **कृयापुत्रीहरुलाई मतदान गराउन के कस्तो व्यवस्था गरेको छ ?**
मतदान अधिकृतले त्यस्ता मतदातालाई प्राथमिकताका साथ मतदान गराउनु हुनेछ ।

२५७. **चुनाव प्रचारप्रसार दैनिक रुपमा गर्दा कुन समयभित्र गर्न पाईन्छ ?**
बिहान ७.०० देखि बेलुकी ७.०० बजेसम्म ।

२५८. **छैठौ तहको कर्मचारीलाई मतदान अधिकृत र सातौं तहको लाई सहायक मतदान अधिकृतमा राखेकोमा के गर्न सकिन्छ ?**
सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्नुपर्छ ।

२५९. **मतदानको दिन सुत्केरी हुने मतदाताले आफ्नो प्रतिनिधिमार्फत मतदान गर्न पाईन्छ ?**
पाईदैन ।

२६०. **विधुतीय मतदानको व्यवस्था आयोगले कहिलेदेखि गर्छ ?**
निर्वाचन सम्बन्धी मौजुदा कानून संशोधन भई आएपश्चात सो व्यवस्था लागू हुन सक्दछ ।

२६१. **ईण्डीयन गाडीको प्रयोग गरेर प्रचारप्रसार गर्न पाईन्छ कि पाईन्न ?**
पाईन्न ।

२६२. **निर्वाचन खर्चको सीमा कहाँबाट हेर्न पाइन्छ ?**
निर्वाचन आयोगको वेवसाईट election.gov.np बाट ।

२६३. **कार्यपालिकामा दलितबाट मनोनित सदस्यले निर्वाचन खर्च बुझाउनुपर्ने हो, होईन ?**
मनोनित सदस्यले निर्वाचन खर्च बुझाउनु नपर्ने ।

२६४. **निर्वाचनको दिन बोर्डर ५.०० बजेपछि तुरुन्त खुल्ने हो कि मतपेटिका सम्बन्धित स्थानमा ढुवानी पश्चात खुल्ने हो ?**
निर्वाचन शुरु हुने समय भन्दा ७२ घण्टा अगाडी देखि निर्वाचनको दिन रातको १२.ण्ण बजेसम्म बोर्डर बन्द हुन्छ ।

२६५. **निर्वाचनको समयमा विधालयमा विभिन्न राजनीतिक दलका भातृ संघसंगठन खोल्न पाईने हो कि होईन ?**
नपाईने ।

२६६. **गुल्मीमा एक शिक्षकले फेसबुकबाट उम्मदवारको प्रचार प्रसार गरेको पाइयो यसको उजुरी कसरी कसलाई पठाउन सकिन्छ ?**
callcenter@election.gov.np, jeoc@ecn.gov.np, media@ecn.gov.np मा कुनै पनि उम्मेदवार वा दलले आचारसंहिता विपरीत गरेका कामहरूको प्रमाणका साथ इमेलमार्फत उजुरी गर्न सकिन्छ । साथै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन अधिकृत वा निर्वाचन आयोगको सामाजिक सञ्जालमार्फत पनि पठाउन सकिन्छ ।

२६७. **उम्मेदवारले मतदान केन्द्रभित्र प्रवेश गरेर मतदानको तथ्यांक लिने लगायतका कार्य गर्न पाइन्छ ?**
सम्बन्धित मतदान अधिकृतको अनुमतिमा के कति मतदान भयो अद्यावधिक विवरण लिन सकिन्छ ।

२६८. **म प्रहरी हुँ । उम्मेदवारलाई वा निजको प्रतिनिधिलाई मतदान केन्द्रभित्र निर्वाध रूपले प्रवेश गर्न दिन पाइन्छ ?**
उम्मेदवार वा निजको प्रतिनिधिले परिचयपत्रसहित उपस्थित भएको खण्डमा सम्बन्धित मतदान अधिकृतले तोके बमोजिमको क्षेत्रसम्म अनुमति लिई प्रवेश दिन सकिन्छ । तर गोप्य स्थानमा जान दिन मिल्दैन ।

२६९. **वडाध्यक्ष आफ्नो काम छाडेर उम्मेदवारको प्रचार प्रसारमा हिँड्नुभएको छ । उजुरीको प्रक्रिया के होला ?**
निर्वाचन आचारसंहिता २०७९ को व्यवस्था अनुसार जनप्रतिनिधिहरूले आफू निर्वाचत भएको पालिकाभित्र कुनै पनि उम्मेदवार वा दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न पाइन्न । त्यस्तो गरेको पाइएमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय,

जिल्ला आचारसंहिता अनुगमन समिति वा निर्वाचन आयोगको विभिन्न सम्पर्क माध्यमबाट उजुरी गर्न सकिन्छ ।

२७०. **नागरिकता लगायतका कुनै पनि प्रमाणले भोट हाल्न पाइन्छ ?**
आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाइ यकिन गरी मतदान गर्न पाउने व्यवस्था गरेको छ ।

२७१. **किरियापुत्रीहरूलाई मतदान गराउन के कस्तो व्यवस्था गरेको छ ?**
मतदान अधिकृतले त्यस्ता मतदातालाई लाइनमा नबसी प्राथमिकताका साथ मतदान गराउनु पर्ने व्यवस्था छ ।

२७२. **चुनाव प्रचारप्रसार दैनिक रुपमा गर्दा कुन समयभित्र गर्न पाइन्छ ?**
बिहान ७:०० देखि बेलुकी ७:०० बजेसम्म ।

२७३. **छैटौँ तहको कर्मचारीलाई मतदान अधिकृत र सातौँ तहकोलाई सहायक मतदान अधिकृतमा राखेकोमा के गर्न सकिन्छ ?**
प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य जनशक्ति व्यवस्थापन निर्देशिका २०७९ को दफा १० को खण्ड (क)मा गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्र भित्रको मतदान केन्द्रमा समान्यतया राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा उच्च माध्यमिक वा माध्यमिक

शिक्षकलाई मतदान अधिकृत खटाउने व्यवस्था उल्लेख छ । त्यस्तै सोही दफाको खण्ड (ख) मा मतदान अधिकृत खटाउदा खण्ड (क) बमोजिम कर्मचारी वा शिक्षक खटाउन नसकिने भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृत खटाउने व्यवस्था छ । उपरोक्त बमोजिमको सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्नुपर्छ ।

२७४. **भारतीय नं. प्लेटको गाडीको प्रयोग गरेर प्रचारप्रसार गर्न पाइन्छ कि पाइँदैन ?**
कुनै पनि उम्मेदवार वा दलले निर्वाचन प्रचारप्रसारमा कुनै पनि विदेशी नं. प्लेटको सवारी साधन प्रयोग गर्न पाइँदैन ।

२७५. **निर्वाचन खर्चको सीमा कहाँबाट हेर्न पाइन्छ ?**
निर्वाचन आयोगको वेवसाइटमा अर्थात electon.gov.np लिंकमार्फत हेर्न सकिन्छ ।

२७६. **निर्वाचनको समयमा विद्यालयमा विभिन्न राजनीतिक दलका भातृ संघ संगठन खोल्न पाइने हो कि होइन ?**
पाइँदैन ।

२७७. **स्वास्थ्य स्वयंसेविकाले मतदाता शिक्षा सञ्चालन गरेवापत के कति सुविधा पाउने हो ? सबै पालिकाबाट पाउने सुविधामा एकरुपता पाइन्छ कि पाइँदैन ?**
सम्बन्धित स्थानीय तहबाट नै सेवा सुविधा पाउन सक्छन् । यसरी खटिने स्वयंसेवकलाई निर्वाचन आयोगले प्रचारप्रसार सामाग्री उपलब्ध गराउँछ ।

२७८. **समानुपातिकतर्फका उम्मेदवारले मतदानका दिन सवारी पास कहाँबाट लिन पाइन्छ ?**
समानुपातिकतर्फका उम्मेदवारले सवारी पास पाउने व्यवस्था छैन ।

२७९. **निर्वाचनको दिन सार्वजनिक सवारी साधन चल्छ कि चल्दैन ?**
सामान्यत अनुमति नलिइ सवारी साधन चलाउन पाइँदैन । यस सम्बन्धमा आयोगले निर्णय गरेबमोजिम हुनेछ ।

२८०. **भूमि आयोगले एलानी जग्गा नापजाँच गर्दा आचारसंहिता विपरीत हुन्छ कि हुँदैन ?**
आयोगको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम नापजाँच गर्न पाइन्छ । तर निर्वाचनको मिति घोषणा भइसके पश्चात् जग्गा वितरण प्रयोजनार्थ वा मतदातालाई प्रभाव पार्ने तवरले उक्त कार्य गरेमा आचारसंहिता विपरीत हुन्छ । त्यसो गर्न पाइँदैन ।

२८१. **नेपाली सेना निर्वाचनको सुरक्षाको बाहिरी घेरामा रहनुहुन्छ । उहाँहरूले समानुपातिकतर्फ मतदान गर्न पाउने कि नपाउने ?**
निर्वाचनको काममा खटिनुभएका संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षाकर्मीको अस्थायी मतदाता नामावलीमा नाम दर्ता भइ सो नामावली प्रमाणित भइ आएमा उनीहरू प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ मात्र मतदान गर्न पाउनुहुन्छ तर निर्वाचनमा खटिने शिक्षकहरूका लागि उक्त व्यवस्था छैन ।

२८२. **समानुपातिक तर्फका उम्मेदवारलाई कसले परिचयपत्र दिन्छ ?**
समानुपातिकतर्फका उम्मेदवार राजनीतिक दल हुने भएकाले हालसम्म उम्मेदवारलाई परिचयपत्र दिने व्यवस्था छैन ।

२८३. **निर्वाचन र्‍यालीमा कतिवटा सवारी साधन प्रयोग गर्न पाइन्छ ?**
निर्वाचन आचारसंहिता २०७९ अनुसार निर्वाचन प्रचारप्रसारको क्रममा जुलस वा आमसभा गर्दा चारपाङ्गे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न पाइँदैन ।

२८४. **दृष्टिविहीनले कसरी मतदान गर्ने ? निजले इच्छाएको व्यक्तिले पाउने हो ?**
दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणले आफ्नो मत संकेत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई मतदान कक्षमा लैजाने अनुमति मागेमा मतदान अधिकृतले प्रचलित कानून बमोजिम पूर्ण अशक्त वा अति अशक्त अपांगताको प्रमाणपत्र भएको वा कुनै दुर्घटनामा परी वा अन्य कारणले एक्लै मतदान कक्षमा गई आफैँ मतदान गर्न असमर्थ व्यक्ति हो होइन यकिन गरी त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मतदान कक्षमा प्रवेश गर्ने अनुमति दिने र आफू समेत निजहरूसँग गई आफ्नो रोहवरमा मतदाताले भने बमोजिमको निर्वाचन चिन्हमा मतसङ्केत गर्न लगाउन सक्नेछ ।

साथै, कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणवश आफैँ मतसंकेत गर्न नसक्ने भई मतसंकेत गर्ने काममा सहयोग पुर्‍याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत संकेत गर्ने काममा सहयोग गर्न सक्ने व्यवस्था छ ।

२८५. **निर्वाचनमा खटिने कर्मचारीको सूची कहाँबाट हेर्न सकिन्छ ?**
सम्बन्धित निर्वाचनको अधिकृतको कार्यालयमा टाँसिएको सूचना वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट लिन सकिन्छ ।

२८६. **थरीका मतपत्रमा के कसरी मतदान गर्ने हो ? पुरै प्रक्रिया बताइदिनुहोस् न ?**

मतदाताले सर्वप्रथम प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि रातो रङ निर्वाचन चिन्ह भएको मतपत्र पाउनुहुने छ । उक्त मतपत्र लिएर गोप्य कोठामा गई मतदान गरी १ नं. स्टिकर टाँसिएको मतपेटिकामा मतपत्र खसाल्नुपर्छ । दोस्रो चरणमा प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको कालो रङको निर्वाचन चिन्ह भएको मतपत्र लिइ गोप्य कोठमा भएर मतदान गरी २ नं. स्टिकर टाँसिएको मतपेटिकामा मतपत्र खसाल्नु पर्दछ । तेस्रो चरणमा प्रदेश सभाको पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणालीको लागि रातो रङको निर्वाचन चिन्ह भएको मतपत्र लिई मतदान गरी ३ नं. स्टिकर टाँसिएको मतपेटिकामा मत खसाल्ने र अन्त्यमा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको कालो रङको निर्वाचन चिन्ह भएको मतपत्रमा मतदान गरी मतपेटिका ४ नं. स्टिकर टाँसिएको मतपत्रमा मत खसाउनु पर्दछ ।

२८७. **उम्मेदवारले आफ्नो प्रतिनिधिमार्फत निर्वाचन प्रचारप्रसारका लागि खर्च गरेमा निज प्रतिनिधिको खाता नं. निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा पहिले नै जानकारी गराउनु पर्ने हो ?**

जानकारी गराउनु पर्छ ।

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन: ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेल: info@election.gov.np
www.facebook.com/ecnofficial